जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal Weekly
साप्ताहिक

वर्ष ६ अंक १३, २०७४ साल असार २३ गते शुक्रबार, नेपाल संवत् ११३७ (July 7, 2017) Website : www.greaternepal.com.np मूल्य रु. १०।-

## देश झनै परनिर्भर

काठमाडौं । नेपालको वैदेशिक व्यापारअन्तर्गत चालु आर्थिक वर्षको ११ महिनामा करिब ९ खर्बको आयात भएको छ। व्यापार निकासी तथा प्रवर्द्धन केन्द्रले हालै जारी गरेको तथ्यांकले समीक्षाअनुसार नेपालको ११ महिनाको वैदेशिक व्यापारमा कुल ८ अर्ब ९३ अर्ब ९ करोड ६३ लाख ५९ हजार रुपैयाँ बराबरको आयात भएको उल्लेख छ। यो आयात गत आर्थिक वर्षको सोही अवधिको तुलनामा २८ दशमलब १ प्रतिशतले बढी हो।

नेपालमा ९३ अर्ब ६५ करोड ४२ लाख ३५ हजार रुपैयाँ बराबरका फलाम, स्टिल **बाँकी ८ पेजमा**

## महानगरपालिकाको प्रमुखको मर्यादाक्रम

काठमाडौं । महानगरपालिकाका प्रमुखको मर्यादाक्रम जिल्ला न्यायाधीश र प्रमुख जिल्ला अधिकारीभन्दा माथि राखिएको छ।

२४ जेठमा राजपत्रमा प्रकाशित भएको मर्यादाक्रमअनुसार महानगर प्रमुखको मर्यादाक्रम १८ औं नम्बरमा छ। २८ तहको मर्यादाक्रममा राष्ट्रपति पहिलो र सहायक सेनानी (नासु) अन्तिम मर्यादाक्रममा छन् । महानगरका उपप्रमुखको मर्यादाक्रम उल्लेख छैन । उपमहानगरपालिका र नगरपालिका प्रमुखको हैसियत जिल्ला न्यायाधीश सरह हुनेछ।

# यता एमालेको जित उता भारत चिन्तित





काठमाडौं । कांग्रेस/माओवादी गठबन्धनलाई पछि पार्दै जनताले स्थानीय तह निर्वाचनमा एमालेलाई देशकै शीर्ष पार्टीका रुपमा खडा गरिदिएका छन्। एमाले प्रथम र दोस्रो दुवै चरणको निर्वाचन परीक्षामा प्रथम भएको छ । भारतीय प्रयासमा बनेको कांग्रेस माओवादी गठबन्धन एक्लै एमालेका अघि पुड्को सावित भएको छ । एमालेलाई हराउन कांग्रेस माओवादी मात्र होइन, भारतीय दूताबासको निर्देशनमा चल्ने कथित मधेसवादी दलहरुसमेत लित्ति कसेर लागे पनि उनीहरुको दाल गलेन । एकातिर चुनावमा भाग लिने भन्ने अर्कोतर्फ स्वतन्त्र उम्मेदवार उठाएर आफ्नो पकड क्षेत्र जोगाउने राष्ट्रिय जनता दलको 'द्वैध चरित्र' ले पनि एमालेलाई खासै असर गरेन । एमालेको जित भारतविरोधी जनभावनाको प्रस्फुटन हो कि एमालेको जनहितकार्यको परिणाम हो भन्ने बहस यतिबेला बौद्धिक क्षेत्रबीच चलिरहेको छ ।

मधेस आन्दोलनकै बीच भारतले नेपालमाथि पाँच महिना लामो नाकाबन्दी लगायो। जब भारतीय नाकाबन्दी चरमोत्कर्षमा पुग्दै थियो । सरकारको नेतृत्व एमालेले सम्हालो। केपी ओली प्रधानमन्त्रीमा निर्वाचित भएसँगै नेपाल र भारतबीचको कूटनीतिक सम्बन्धमै नयाँ खाले दरार उत्पन्न भयो । ओलीलाई धेरैले भारतपरस्त छविका रुपमा अर्थ्याएका थिए। महाकाली सन्धि संसदबाट पारित गराउँदा ओलीले जुन भूमिका निर्वाह गरेका थिए, त्यसकै आधारमा उनीमाथि भारतपरस्तको बिल्ला भिराइएको थियो । महाकाली सन्धिकै कचपचले पछि एमाले विभाजित समेत भयो । यहींदेखि एमालेको 'राष्ट्रवाद' स्खलन भएको मानिन्छ। तर जब मधेस आन्दोलन र भारतीय नाकाबन्दीका बीच एमाले अध्यक्ष समेत रहेका ओली मुलुकको प्रधानमन्त्री बने उनले देश र जनताको स्वाभिमानलाई पेट्रोलियम पदार्थसँग साट्न मानेन । भारतले नाकाबन्दीलाई अझै कठोर बनाउँदै लग्यो तर ओली आत्तिएन । बरु उनले भारतीय परनिर्भरता तोड्ने विकल्पको खोजी गर्न थाले ।

दशगजामा आप्रबासी भारतीयहरुलाई दानापानी खुवाएर भारतीय खुफिया एजेन्सी 'रअ' ले उफार्दै काठमाडौंलाई घेर्ने रणनीति चलाइरहँदा ओली 'उत्तरी ड्रागन' को भ्रमणमा निस्किए । यसअघि भारत भ्रमणमा गएका ओलीले नेपालको संविधानको विषयलाई दुवै देशको संयुक्त विज्ञप्तिमा समावेश गर्न खोज्दा 'हाम्रो आन्तरिक' विषय भन्दै परै तर्किए। संयुक्त विज्ञप्ति जारी हुन सकेन। भारतसामु घुँडा नटेकी ओली स्वदेश फर्किएपछि एकाएक उनी सर्वाधिक चर्चामा आए। देश र जनतालाई उनले दिल्लीमा बन्धकी राख्न मानेन । भारतपरस्त उनको विगतको छवि एक अब्बल राष्ट्रवादी नेतामा रुपान्तरित हुन पुग्यो । जनताले नाकाबन्दीको पीडा झेले तर ओलीको विरोध गरेनन्। तीनतिरै नाकाबन्दी गरेर नेपाली जनतालाई ओलीविरुद्ध सडकमा उतार्ने भारतीय संस्थापन पक्षको मुराद सफल भएन । तत्कालीन भुटानी प्रधानमन्त्री थिन्लेविरुद्ध इन्धन निर्यात रोकी उनलाई सत्ताबाट बिदा गर्न सफलता पाएको भारतले ओलीका हकमा भने असफलता व्यहोर्नुपर्‍यो । नाकाबन्दीका कहरबीच बेइजिङ पुगेका ओलीले त्यहाँ ऐतिहासिक पारवहन सम्झौता जब गरे भारतीय संस्थापन पक्ष झस्कियो । ओली नेतृत्वको सरकार विघटन गराउन दिल्लीले कांग्रेस र माओवादीबीच लगनगाँठो कसिदियो । ९ महिनाको छोटो अवधिमै प्रशस्त चर्चा र प्रशंसा पाएका ओलीविरुद्ध माओवादी केन्द्र खनियो र सरकारलाई दिएको समर्थन फिर्ता लियो । माओवादी कांग्रेस गठबन्धनको प्रो इन्डियन सरकार बन्यो । प्रचण्डका स्थानमा शेरबहादुर विराजमान छन् अहिले ।

एमालेको राजनीति फस्टाउनमा मनमोहन अधिकारीले दिएको सय रुपैयाँको ज्येष्ठ नागरिक सामाजिक सुरक्षा भत्ताले पनि ठूलो भूमिका खेलेको छ । यसलाई एमालेले दुई हजारसम्म पुर्‍याएको छ र पछि आफ्नो सरकार बनेपछि पाँच हजार दिने प्रतिबद्धता जाहेर गरेको छ । स्थानीय निर्वाचनमा सबभन्दा बढी प्रभाव यसैले पार्‍यो । ज्येष्ठ नागरिकहरुको मत प्रायः एमाले उम्मेदवारले नै प्राप्त गरे । बुढेलकालमा सहयोग गर्ने पार्टी भन्दै वृद्धवृद्धाहरुले एमालेका पक्षमा मतदान गरे । सामाजिक सुरक्षा भत्ता एमालेको चुनाव जित्ने ब्रह्मस्त्र नै सावित भयो । कांग्रेस शासनकालमा उसले कहिल्यै सामाजिक सुरक्षा भत्ता वृद्धि गर्न चाहेन । कांग्रेसले चुनाव हार्ने कारणमध्ये यो मुख्य कारण हो। यसका अतिरिक्त उम्मेदवारहरुको चयन र अन्तर्घात पनि कांग्रेस दोस्रो पार्टी बन्ने जिम्मेवार पक्ष हुन् । गुट र उपगुटहरुले थिलथिलो भएको कांग्रेसको पक्षमा जुन चुनावी नतिजा आएको छ, त्यसलाई अनपेक्षित ठान्नेहरु नै धेरै छन् । ०४६ सालको राजनीतिक परिवर्तनपछि प्रायः सधैं सत्तामा रहेको कांग्रेस दोस्रो पार्टीमा झर्नुको अर्थ हो कांग्रेस अधोगतितर्फ बढ्दैछ । नेपाली जनताले विश्लेषण गरेरै कांग्रेसको कद छोट्याएका हुन् । अर्को पक्ष द्वन्द्वकालको चिरपरिचित दुस्मन माओवादीसँगको सहकार्य कांग्रेस मतदाताहरुले नै रुचाएनन् । माओवादीहरुले कथित जनयुद्धका नाममा सबभन्दा बढी कांग्रेस कार्यकर्ताहरुकै हत्या गरे । तिनै हत्याराहरुका नाइकेहरुसँग शेरबहादुर देउवाको गठजोड कांग्रेस जनहरुलाई नपच्नु स्वाभाविक हो । **बाँकी ८ पेजमा**

## साझा सवालमा शेरको गर्जन



काठमाडौं । प्रधानमन्त्री शेरबहादुर देउवा कुन स्तरका नेता हुन् भन्ने कुराको राम्रो पहिचान बीबीसी नेपाली सेवाको साझा सवालले उजागर गरेको छ । प्रधानमन्त्री निवास बालुवाटारमा नै छायांकन गरिएको साझा सवालमा प्रधानमनत्री निकै असिनपसिन बनेका थिए । मिडियासामु अन्तर्वार्ता दिन नरुचाउने देउवाको साझा सवालमा भएको उपस्थितिले सबैको कौतुहलता जगाएको थियो । टेलिभिजन च्यानलमा देउवालाई हेर्ने दर्शक तथा श्रोतालाई समेत खल्लो, निरस र प्रधानमन्त्रीले बोलेको भन्नै नसुहाउने सवाल-जवाफबाट दिक्क लागेको थियो ।

प्रधानमन्त्रीलाई एक सहभागीले गरेको प्रश्नबाट त उनी निकै जंगिन पुगेका थिए । उनको त्यो आक्रोशले हिन्दी फिल्म 'नायक' को दृश्यलाई सम्झाउँछ । 'नायक' का मुख्य नायक अनिल कपुरलाई मुख्य मन्त्रीको भूमिकामा रहेका अम्रिस पुरीले एक दिनको मुख्य मन्त्री बनाएका थिए । त्यसैगरी देउवाले प्रश्नकर्तालाई प्रधानमन्त्री म नबने तिमी बन्ने ? भनेर लल्कारेका थिए । चौथोपटक प्रधानमन्त्रीको **बाँकी ८ पेजमा**

## रोटरी नयाँ वर्षमा

जुलाई १ को आगमनसँगै रोटरी नयाँ वर्ष २०१७/१८ को शुरुवात भएको छ । यसै अवसरमा गत बुधबार ५ जुलाईका दिन रोटरी क्लब डिल्लीबजारको सत्रौं कार्यसमितिले कार्यारम्भ गरेको छ । नयाँ कार्यसमितिलाई रोटरी नेपाल डिस्ट्रिक्टकी असिस्टेन्ट गभर्नर मञ्जु लामिछानेले पदको सपथ गराउनु भएको थियो। नयाँ कार्यसमितिमा अध्यक्ष रामकुमार खत्री, निवर्तमान अध्यक्ष इन्द्र शेखर खड्का, अगामी वर्षका अध्यक्ष पुण्य पौडेल, उपाध्यक्ष शंकर कुमार श्रेष्ठ, कोषाध्यक्ष






सागरनिधि तिवारी, सचिव संजय चौधरी, सहकोषाध्यक्ष कुमार अधिकारी रहनुभएको छ। उक्त अवसरमा ३ जना नयाँ सदस्यहरुलाई क्लबको सदस्यतास्वरुप रोटरी पिन प्रदान गरी शपथ ग्रहण गराइएको थियो ।

यसैबीच रोटरी क्लबको नयाँ कार्य समितिले ज्ञानेश्वरको ज्ञान भैरवको मन्दिर सरसफाइ गरेको छ। प्रमुख अतिथिको रुपमा उपस्थित हुनुभएकी काठमाडौं महानगरपालिकाकीउपमेयर हरिप्रभा खड्की, वडा नम्बर ३० का **बाँकी ८ पेजमा**

## बाढीको कहर

काठमाडौं । वर्षायामसँगै मुलुकका विभिन्न भागमा बाढी, पहिरोको त्रासदी देखिएको छ । एक सातामा देशका विभिन्न भागमा बाढी पहिरोका कारण १५ जनाले ज्यान गुमाइसकेका छन् । सात जना बेपत्ता भएका छन् भने ५ जना घाइते भएका छन् । प्राकृतिक विपदबाट भएको धनजनको क्षतिबारे सदनलाई जानकारी गराउँदै गृहमन्त्री जनार्दन शर्माले राहत तथा उद्धार कार्यमा सरकारले कुनै कसर बाँकी नराख्ने बताएका छन् ।

सप्तरीको कञ्चनपुर नगरपालिका र रघुनाथपुरका चार परिवार हाल बाढीले घर बगाएपछि छिमेकीकहाँ आश्रय लिन बाध्य भएका छन् । चार परिवारका ८ वटा घरगोठ भएका ठाउँमा अहिले खोला बगिरहेको छ । गत शनिबार आएको बाढीले सप्तरीकै तिरहुत गाउँपालिका २ भेडियाका तीन परिवार विस्थापित भएका छन् । स्थानीय महुली नदीको पानी बाँध फुटाएर बस्तीतर्फ पसेको थियो । बाढीले **बाँकी ८ पेजमा**

## हार्दिक निमन्त्रणा

**हाम्रो यात्रा ५ वर्ष पूरा गरी छैटौं वर्षमा प्रवेश गरिसकेको छ । यस अवसरमा हुन गइरहेको वार्षिकोत्सव तथा सम्मान कार्यक्रममा उपस्थितिका लागि पत्रिकाका शुभेच्छुक, विज्ञापनदाता, पाठक, स्तम्भकार तथा पत्रकार मित्रहरूमा हार्दिक निमन्त्रणा गर्दछौं ।**


**स्थान** : अर्याल होटल, शंखमूलमार्ग, नयाँ बानेश्वर
**मिति** : २०७४ साल आषाढ २४ गते शनिबार
**समय** : दिनको ११ बजे

सम्पादक/प्रकाशक
तथा ग्रेटर नेपाल साप्ताहिक परिवार

समय-सन्दर्भ |

## तराई डुबाउने खतरनाक भारतीय योजना

**साध्यबहादुर भण्डारी**



भारतले नेपालका हिमालय, महाभारत र चुरे पर्वत श्रृंखलाबाट वर्षायामको १०० दिन जतिभित्र हुने मनसुनी वर्षाको पानी नेपालको तराईमा संकलन गरी भारतको उत्तर प्रदेश, विहार र अन्य क्षेत्रमा सिंचाइ गर्ने उद्देश्य पूरा गर्न ५४ वटा बाँध बनाउने योजना बनाएको छ । त्यसमध्ये ११ वटा बाँध बनाउन प्रारम्भिक कार्य सुरु गरिसकेको छ, जसको विरोध त्यहाँका जनताले जनस्तरबाट गर्दै आएका छन् । पश्चिम कैलाली जिल्लाको सीमावर्ती कैलाशपुरीमा बनाइएको बाँधले नेपालबाट बग्ने कर्णाली नदीको पश्चिम भंगालो र मोहना नदी थुनिन्छन् । यसबाट भजनी-सती, टिकापुर र राजापुरका अधिकांश क्षेत्र डुबानमा पर्ने गरेका छन् । बर्दिया जिल्लाबाट बग्ने बबई नदीलगायत अन्य खोला खोल्सा थुन्ने गरी भारतले गोपीया बाँध बनाएको कारण बर्दियाको अधिकांश हिस्सा डुबानमा पर्ने गरेका छन् । झन्डै एक दशकदेखि बाँकेको लक्ष्मणपुरमा २२ किमि लामो बाँध बनाएका कारण राप्ती नदी तथा गन्दीया नाला थुनिएर १७ वटा गाविस र राप्तीपारिको ९ गाविस प्रभावित भई डुब्दै आएका छन् । बाढीले कयौं दिनसम्म त्यस क्षेत्रका जनता सम्पर्कविहीन अवस्थामा रहनुपर्‍यो र बाढी बढेर नेपालगन्ज बजारसमेत जलमग्न हुन पुग्यो । राप्ती जलकुण्डी र कोइलाबास बाँधका कारण नेपालको बाँके, बर्दियासम्म सिंचाइ हुने सिक्टा सिंचाइ परियोजनासमेत बन्न नदिन भारतले विभिन्न हथकन्डा मच्चाउँदै आएको छ । यसबाट दाङ जिल्लाका खासगरी देउखुरी तथा सीमावर्ती गाउँका बासिन्दासमेत प्रभावित हुँदै आएका छन् । त्यस उपत्यकामा जलाशय बनाउने विषयमा उत्तर प्रदेश संसदमा निरन्तर कुरा उठ्ने गरेका प्रसंग पनि त्यत्तिकै मनन गर्नु आवश्यक छ ।

कपिलवस्तुमा बनेको महलीसागर बाँधका कारण त्यस भेगका ६ हजार घरपरिवार प्रभावित हुँदै आएका छन् । डुबानमा पर्दा जनता आफैंले बहादुरीका साथ बाँध भत्काए । सिमानाबाट २०० मिटर फरकमा सुरु गरेको रसियन खुर्दलोटन बाँधका कारण रुपन्देहीको मर्चबार क्षेत्रको १८ वटा गाविस डुबानमा पर्दै आएका छन् । बुद्धको जन्मस्थल लुम्बिनी क्षेत्रसमेत यो बाँधको चपेटामा परेको छ । यो बाँध १२ किमि निर्माण पूरा भएको रुपन्देहीकै डन्डा- **बाँकी ८ पेजमा**




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाईं

प्रबन्ध सम्पादक
कृष्णराज दुलाल

प्रबन्ध निर्देशक
किरण थापा

अतिथि सम्पादक
विष्णु भट्टराई

सम्पादन सहयोगी
घनश्याम ओली/गोविन्द विक

बजार व्यवस्थापन
रामशरण रिमाल/धर्मराज पौडेल

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४१०४४८७,
इमेल : greaternepal2012@gmail.com, www.greaternepal.com.np
*Visit : www.youtube.com Surendra Dhakal Social Activist*

# ग्रेटर नेपाल विश्वयुद्धको अप्रत्यक्ष कारक तत्व बन्ने त होइन ?

**सुरेन्द्र ढकाल**
(अध्यक्ष देपसा मोर्चा)



माओत्सेतुंगले आफ्नो परराष्ट्र नीतिको व्याख्यामा तिब्बतलाई हत्केला र लदाख, नेपाल, सिक्किम, भुटान र बर्मालाई पाँच औंलाहरु बताउँदै यदि तिब्बतलाई चीनको अभिन्न अंगको रुपमा राखी राख्ने हो भने पाँच औंलामा चीनको उपस्थिति प्रभावपूर्ण हुनुपर्दछ भनेका थिए । माओपछि तेंग सिआओ पिंगले साम्यवादभित्र पुँजीवादी बजार अर्थतन्त्र लागू गरेपछि चीन सामरिकभन्दा पनि बढी व्यापारिक बन्न पुग्यो । त्यही कारण पाँच औंलामा चीनको पकड एकपछि अर्को गर्दै खुकुलो हुँदै गयो । सन् १९४९ मा नै भारतले भुटानसँग सन्धि गरी भुटानको रक्षा र परराष्ट्र आफ्नो हातमा लिंदा केही गर्न नसक्नु माओको परराष्ट्र नीतिको पहिलो विफलता थियो । सन् १९६२ को भारत चीन युद्धमा भारतलाई पराजित गरी लदाख आफ्नो कब्जामा लिन सफल हुनुलाई नै माओले आफ्नो परराष्ट्र नीतिको सफलता माने । सन् ७० को दशकमा भारतले सिक्किम खाँदा चीन टुलुटुलु हेर्ने अवस्थामा पुग्यो किनकी यतिखेर भारतले सोभियत संघसँग २० वर्षे सैनिक सम्झौता गरिसकेको थियो । बर्मामा आङसान सूकीको उदय र सैन्य सरकारको विस्थापनसँगै बर्मामाथिको चिनियाँ पकड पनि खुकुलो हुन पुग्दा तिब्बत विखण्डनकारीहरु उत्साहित छन । विश्व बजारमा चीनको आधिपत्यको कारण चिनिया बैंकमा रहेको ४० खरब डलर अमेरिकाको टाउको दुखाइको विषय बनेको छ । सोभियत मोडेलमा चीनलाई विखण्डन गर्न नसक्ने हो भने अमेरिकाको महाशक्तिको ताज अब केही वर्षभित्रै गुम्ने छ । त्यसकारण अमेरिका जसरी भए पनि चीनलाई विखण्डन गरी ताइवान, हङकङ, मकाव र तिब्बतलाई स्वतन्त्र बनाउन उद्दत छ ।

उता भारतले सन् १९५० देखि नै तिब्बतको निर्वासन रहेको सरकारलाई आफ्नो भूमि धर्मशालामा हेडक्वाटर संचालन गर्न दिइरहेको छ र त्यस्को विरुद्धमा चीनले केही पनि गर्न सकेको छैन । भारतको आणविक शक्तिलाई चीनको बराबरीमा ल्याउने उद्दतले भारत अमेरिका आणविक सहयोग सन्धिमा हस्ताक्षर भई सो अनुरुप आगामी ५ वर्षभित्रै आणविक विकास कार्यक्रम सम्पन्न गरिंदैछ । चीनसँग सम्बन्ध विस्तार गरेको, उसँग हातहतियार किनेको र भारतले भनेबमोजिम नगरेको कारण उसले नेपालमाथि बारम्बार आर्थिक नाकाबन्दी लगाउँदै आएको छ ।

अर्कोतर्फ नेपालमा बन्ने सरकारहरुले जतिसुकै एक चीन नीति भनी भट्याए तापनि गोप्य रुपबाट नेपाललाई स्वतन्त्र तिब्बतको मलजल गर्ने थलोको रुपमा विकास गर्न दिइराखेको तर्फ चीनले जति सतर्कता अपनाउनुपर्ने हो त्यति अपनाउन सकेको छैन । नेपालमा रहेका भुटानी शरणार्थीलाई आफ्नो देशमा लग्ने अमेरिका र क्यानडाले नेपालमा रहेका तिब्बती शरणार्थीहरुलाई नेपालमा राख्न चहानुको पछाडि पनि चीन विरुद्ध नेपाली माटो प्रयोग गर्ने स्वार्थ नै हो । यी सबै कुरा राम्ररी बुझ्केै कारण पछिल्लो पटक भारतले नेपालमाथि नाकावन्दी गर्दा चीनले नेपाललाई साथ मात्रै दिएन नेपालसँग ब्यापार पारवहन सन्धि गरी भारतको एकाधिकारलाई राम्ररी चुनौती दिन चीन सफल भएपछि एमालेले आफूलाई राष्ट्रवादी कित्तामा उभ्याएको छ । यसैको प्रभावको कारणले होला दार्जिलिङमा फेरि गोर्खालैण्डको आन्दोलन सशक्त बन्न पुगेको छ र यही मौका छोपी नाथुला भन्ज्याङमा चिनियाँ सैनिक प्रवेश गरी भारतीय बंकर ध्वस्त बनाएको अवस्था छ । चीनको आक्रमणलाई चुनौती दिन भारतले नाथुलामा आफ्नो सामरिक शक्ति ह्वात्तै बढाएको छ भने अर्कोतर्फ चीनलाई दबाब दिन अमेरिकाले दक्षिण चिनियाँ सागरमा आफ्नो सामुद्रिक बेडालाई सशक्त बनाएको छ । अब तिब्बतको रक्षा गरेर यसलाई विखण्डन हुनबाट जोगाउने हो भने चीनले ग्रेटर नेपालको पक्षमा आफूलाई उभ्याई भारतको आम विखण्डन गर्नेतर्फ आफ्नो सामरिक कुटनीतिलाई सक्रिय बनाउनु पर्दछ । नेपालको पूर्वको सीमा बंगलादेश र पश्चिमको सीमा स्वतन्त्र कास्मिर भएमात्र ग्रेटर नेपाल चीन र भारतबीच बफर स्टेट बन्न पुग्दछ अनि मात्र तिब्बत सुरक्षित हुन्छ । दार्जिलिङमा जुन स्वतन्त्रताको आन्दोलन चलिरहेको छ त्यसलाई नेपालका ठूला भनाउँदा दलहरुले समर्थन गर्ने हिम्मत देखाइ नरहेको परिप्रेक्ष्यमा एमालेको राष्ट्रवादमाथि पनि पुनः प्रश्नचिन्ह खडा भएको छ । यस परिप्रेक्ष्यमा चीनले पुनः नेपाल दरबारलाई उठान गर्ने त होइन भन्ने प्रश्न पनि त्यतिकै उठेको छ किनकी चीनलाई सार्कमा ल्याउनुपर्छ भनेकै कारण र काठमाडौं लाजिम्पाटमा रहेको दलाई लामाको सम्पर्क कार्यालय बन्द गरेकै कारण भारत ज्ञानेन्द्रमाथि खनिन पुग्यो र नेपालबाट राजतन्त्र बिदा भयो ।

पछिल्लो अवस्थामा चीनले यसको सूक्ष्म विश्लेषण गरी कार्य गरेकै कारण अब दार्जिलिङको आन्दोलन पनि पहिले जस्तो नरोकिने छाँट देखिइरहेको छ । खुकुरी हातमा लिएर दार्जिलिंगे जनता आमरुपमा सडकमा निस्केको परिप्रेक्ष्यमा यिनीहरुलाई गोली हानेरै ठीक गर्छु भन्दा भारतमा रहेका ६५ हजार गोरखा सैनिक अवश्य चुप लागेर बस्दैनन् होला न त चीन सरकार नै चुप लागेर बस्ला । अरुणाचल प्रदेशमा जुन विखण्डनको हावा चलिरहेको छ त्यसलाई चीनले राम्रै बुझ्केको हुनुपर्छ । गोरखालैण्डले निकालिरहेको नेपाली राष्ट्रवादको तरंगले कतै ग्रेटर नेपाल नै तेस्रो विश्वयुद्धको अप्रत्यक्ष कारक तत्व त बन्ने होइन भन्ने प्रश्न ब्यापक रुपमा उठेको छ ।

## सम्पादकीय

# ग्रेटर नेपालको यात्रा

ग्रेटर नेपाल साप्ताहिक पाँचौं वर्षको यात्रा पूरा गरी छैटौं वर्षमा प्रवेश गरेको छ । हामीले जुन बेला ग्रेटर नेपालको सुरूवात गरेका थियौं, त्यसबेला हाम्रा केही मित्रहरूले भनेका थिए- 'भूतले खाजा खाने बेलामा किन साप्ताहिक पत्रिका सुरू गरेको' भनेर । वास्तवमा साना लगानीका पत्रपत्रिकालाई समय विल्कुलै अनुकूल थिएन र छैन । ठूला ब्रोडसिट पेपरका कारण ओझेलमा परेका साप्ताहिक पत्रिकालगायत साना लगानीका पत्रिकाहरूले अहिले अनलाइन पत्रिकाको प्रभाव पनि झेल्नु परिरहेको छ । त्यतिमात्र होइन, विभिन्न नामका सोसल साइडहरूका कारण प्रत्येक व्यक्ति अहिले पत्रकारको भूमिकामा रहेका छन् । आफूले देखेको घटनाको तुरून्तै फोटो, भिडियो क्याप्सनसहित पोस्ट गर्न जोसुकैले सक्छ । लेखरचना, साहित्य जस्ता सामग्रीहरू पनि सजिलै पोस्ट गर्न सकिने हुनाले आजको युगमा प्रत्येक व्यक्ति पत्रकारको भूमिका निभाइरहेका छन् । सूचनाको अथाह समुद्रमा पौडिन हातमा भएको मोबाइल काफी भएपछि स्वभावैले पत्रपत्रिकाहरू ओझेलमा पर्ने नै भए । स्रोत, साधन र पहुँचका दृष्टिले समेत पछि पर्न लागेका र परिरहेका श्याम श्वेत वर्णका साना लगानीका अखबारलाई बचाएर पाठकसामु नियमित भेटघाट गर्न पाउनु समेत गौरवको विषय बनेको छ ।

ग्रेटर नेपाल पत्रिका खोल्नुको पछाडि नेपाली राष्ट्रवादको पक्षपोषण गर्ने महत्वपूर्ण मिसन रहेको छ । सुगौली सन्धिपछि मेची-महाकालीबीच खुम्चिएको भूमिसमेत भारतीय अतिक्रमणमा परेर झन्डै भक्तपुर जिल्लाजत्रो भूभाग भारतले मिचिसकेको छ । यस्तो अवस्थामा कसैको प्रभावमा नपरी निडर भएर कलम चलाउने र ती विचारलाई पाठकसामु लैजान सक्ने क्षमताको मिडियाको खाँचो महसुस हुन गयो । त्यसैले विभिन्न विचार र विधाका दर्जनौं पत्रपत्रिका भए तापनि त्यही भीडमा पृथक पहिचान बोकेर ग्रेटर नेपाल जन्मिन पुगेको हो । हामीले पत्रिकालाई पाठकसामु पुऱ्याउन बजारका अतिरिक्त घर, पसल, प्रतिष्ठान, कार्यालयहरू पुगेर ग्राहक बनाउने अभियान अघि बढायौं । अहिले हामीसँग १२०० नियमित ग्राहक रहेका छन् भने पत्रिकालाई माया गर्ने देशभक्त शक्तिहरूको पंक्ति पनि बढिरहेको छ । हाम्रो प्रयासलाई प्रेस काउन्सिल नेपालले पनि सकारात्मक मूल्यांकन गरिदिएका कारण हामी अहिले वर्गीकरणमा 'क' श्रेणीमा पुगेका छौं ।

नेपाली राष्ट्रवादको पक्षपोषणका लागि ग्रेटर नेपालले सीमाविदहरूका खोजपूर्ण सामग्री प्राथमिकताका साथ प्रकाशित गर्ने गरेको छ । त्यसैगरी नेपालमाथि हुने सबैखाले थिचोमिचो र अतिक्रमणका खबर हाम्रो प्राथमिकतामा पर्ने गरेका छन् । भ्रष्टाचार नियन्त्रण र प्रदूषण नियन्त्रणका लागि ग्रेटर नेपालले निडरतापूर्वक कलम चलाइरहेको छ । महिला बालबालिकासम्बन्धी समाचार ग्रेटर नेपालका प्राथमिकताभित्र परेका छन् । बालबालिकाको उत्थानका लागि सक्रिय रहँदै आएको बाल विकास समाजसँग ग्रेटर नेपाल साप्ताहिकले लामो समयदेखि सहकार्य गर्दै आएको छ । पत्रिकाको प्रत्येक अंकको सातौं पेजमा बाल विकास समाजकै संयोजनमा बालबालिका तथा महिलासम्बन्धी सामग्रीहरू प्रकाशित हुने गरेका छन् ।

यसैगरी ग्रेटर नेपाल साप्ताहिकले प्रत्येक वार्षिकोत्सवको उपलक्ष्यमा नेपाली राष्ट्रियताको प्रबर्द्धनमा उल्लेख्य योगदान पुऱ्याउने व्यक्तित्वहरूलाई सम्मान गर्ने गरेको छ । यसरी सम्मानित हुनेहरूमा सीमाविद बुद्धिनारायण श्रेष्ठ, ग्रेटर नेपालका अभियन्ता तथा चलचित्र निर्देशक मनोज पण्डित, नायक, निर्माता नवल खड्का, टेलिभिजन प्रस्तोता रवि लामिछाने, वाग्मती सफाइका अभियन्ता राम शाह छन् भने यस पटक तिलाठीका देवनारायण यादवलाई सम्मान गर्ने कार्यक्रम रहेको छ । यादवले तिलाठीमा भएको भारतीय अतिक्रमणका विरूद्ध ज्यानको बाजी लगाएर लडेका थिए ।

भ्रष्ट, कंगाल र प्रदूषित देशको पहिचानतर्फ जाकिँदै अन्ततः असफल राष्ट्र बन्ने खतरातर्फ उन्मुख नेपाललाई समृद्धिको दिशातर्फ मोड्न पत्रपत्रिकाको महत्वपूर्ण भूमिका रहेको हुन्छ । मुलुकमा देखिएका थुप्रै राजनीतिक मुद्दाहरू सुल्झिए पनि आर्थिक क्रान्तिको आरम्भसमेत भएको छैन । त्यसैले अबको नेपाली पत्रकारिताको मिसन राष्ट्रियताको प्रबर्द्धन र पर्यावरणमैत्री सामाजिक, आर्थिक क्रान्ति नै हो । साना लगानीका अखबारहरूले विगतका सबै परिवर्तनमा अतुलनीय भूमिका निर्वाह गरेका छन् । तर 'खोलो तऱ्यो लौरो बिर्सियो' को व्यवहार राजनीतिक तहबाट साना लगानीका मिडियामाथि हुने गरेको छ । मुलुक र जनतासामु आएका जुनसुकै समस्यासँग जुध्न सक्ने इतिहास बोकेको पत्रकारितालाई अझ मर्यादित, व्यवस्थित र आर्थिक रूपले आत्मनिर्भर बनाउने दिशामा राज्यको सहयोग अपरिहार्य छ । ग्रेटर नेपाल साप्ताहिक पनि आफ्नो जिम्मेवारीबाट कदापि चुक्ने छैन ।

अन्त्यमा हाम्रा पाठक, शुभेच्छुक, सहयोगी, विज्ञापनदाताहरूबाट विगतमा पाइरहेको मायाको निरन्तरतासहित हामीलाई उचित सल्लाह, सुझाव र प्रतिक्रियाको अपेक्षा गर्दछौं ।

# गोरक्षा र गोर्खाल्यान्ड (४)



**जगदीश लामिछाने**
रौतहट, पौराई

साधारण संसारमा मानव अधिकार, पाप-धर्म, सदाचार-अनाचार तथा ज्ञान-अज्ञान आदि शिक्षा व्यवहारबाट समाजले काम चलाइरहेको हुन्छ । तर पनि यो विश्व व्यक्ति व्यक्तिसँग क्रुर भएर युगयुगमा बसिदिएको पाइन्छ । यस्तै थिएन भने संसारले पुँजीवादी दुई विश्वयुद्ध व्यहोर्नुपर्ने थिएन । जीव विज्ञानमा सर्प, बिच्छी र भ्यागुताहरु सानैसँग पनि एक अर्कासँग डराएर बस्दा प्रकृतिले आफ्नो स्वत्व कायम गरेको पाइन्छ । न्याउरी मुसा र सर्प दुवैको संसार अझै विचित्र छ । सर्पलाई आफ्नै भोजन बनाइसकेर पनि न्याउरी मुसाले पुनः सर्पका काटिएका दुवै ढाड जोडेर बचाइदिएको चर्चा मान्छेहरु गर्छन् । दुर्भाग्यले हामीले त्यस्तो न्याउरी मुसा दार्जिलिङबासी २० लाख प्राचीन बासिन्दा र नेपाली दुवैले कहिल्यै पनि पाएनौं र अर्को विकल्प खोज्नु पऱ्यो । त्यो ज्यादै करुणादायक पनि छ । वीरतापूर्ण पनि छ । यही सम्झेर ल्याउँदा दार्जिलिङका गोर्खा र नेपालका गोर्खा एउटै देखिन्छन् । उनीहरुको दुवैको इमानदारिता आआफ्नै ठाउँमा छ । जहिले पनि प्रतिकूल परिस्थितिसँग विश्व नेपालीहरुले विश्व गोर्खा भएर बाँच्नु परेको छ । यस बखत सामाजिक सञ्जालहरुमा व्यापक भएको दार्जिलिङे सीमा सुवेदीले दार्जिलिङमा नेपालीहरु भाँडा माझ्रेर खान आउने गरिब हुन् भन्नु भएको र भारतकै वर्तमान प्रधानमन्त्री नरेन्द्र मोदीले पानी र जवानी पहाडमा बस्दैनन् भन्नु दुवै झूटा हुन् । यथार्थ चाहिँ

बेसी बग्छन् सकल छहरा लेकका प्रेम बोकी ।

वर्षा पुग्छन् हिमगिरीतिरै बेसीकै प्रेम बोकी... नै हो ।

यही यथार्थमा र आफ्नै परिस्थितिमा दार्जिलिङका भारतीय गोर्खाहरुले इ.सं. १९०७-९ देखि आफ्नै गोर्खाल्यान्ड मागिरहेछन् । उनीहरुको लागि अंग्रेज र वर्तमान भारत सरकार एउटै भयो । तैपनि आफ्नै माटो कुरेर यत्ति लामो समयसम्म बसिरहने दार्जिलिङबासीलाई सलाम छ । अविकसितै भएर पनि नेपाली भाषा मेरो भन्ने भारतीय नेपाली नमनीय किन छन् भने उनीहरु लेप्चा, राई, लिम्बू, मगर, तामाङ, गुरुङ तथा बाहुन क्षेत्री एक भएर 'नेपाली भाषा हाम्रो हो, गोर्खाल्यान्ड चाहियो' भनेका छन् । यसैगरी कुमाउ, गढवाल, गंगाउत्तर सारन तथा सतलजसम्मका प्राचीन बासिन्दालाई सलाम छ । अरुले २९ स्थानीय प्रदेश पाइसक्दा उनीहरुले गोर्खाल्यान्ड पाउनैपर्छ ।

नेपाली भाषामा बाईसे चौबीसेका पालादेखि सरकारी कामकाज हुँदै आएका प्रमाण छँदैछन् र भानुभक्तले पनि रामायण रचना गरी वनारसैबाट मोतीरामले सर्वप्रथम छापेका हुन् । नेपाल राष्ट्र नभए विश्व नेपालीलाई दुःख पर्नु स्वाभाविकै हो भनेर हामी जंगबहादुरका पालादेखि दक्षिणसँग मिलेर नयाँ मुलुक लिएका हौं । चीन र अंग्रेजसँगको लडाइँमा आर्जित युद्धकौशल दुई विश्व युद्धमा प्रदर्शित गरी भारतको सीमा रक्षा गरेका गोर्खाफौजको मनोबल नघटोस् भन्नुपर्नेमा नेपालीलाई बल्लभभाइ पटेल, जवाहरलाल र त्यसपछिका भारतीय नेता-प्रशासकहरुले गोर्खाली नेपालीलाई दुःख दिनु मात्र आफ्नो कर्तव्य देखे । तर पनि नेपालीले आफ्नो न्यायोचित मागमा पद्मशमशेरका पाला इ.सं. १९४७ देखि नै सल्लाहमा काम गर्न खोजेको र दक्षिणबाट शक्ति गोप्य रुपमा दुरुपयोग भएको ऐतिहासिक यथार्थमा गोर्खाल्यान्ड प्राप्त नभएको हो । नेपाल राष्ट्र भएन भने गोर्खा जाति पनि रहँदैन भन्ने चेतनाले नै हाम्रो एकता अनिवार्य भएको हो ।

मूल मन्त्र बसोबास गर्ने व्यक्ति आफ्नै माटोप्रति प्रतिबद्ध भएर मात्र पुग्दैन । माटोको हितसमेत भए मात्र प्रयास सफल हुन्छ । दार्जिलिङबासीले अंग्रेजको भारतीयकरण भएको 'फुट गराउ र शासन गर' मा नेपाल जत्तिकै मात्र होइन अझ बढी दुःख पाए पनि पुनः एकीकृत भएकोमा धन्यवाद छ । यसै शीर्षकको पहिलो पुष्प २०७१ चैत २० मा छापिएको हो । यो चौथो पुष्प हो । तेस्रो पुष्प २०७३ भदौ १७ मा प्रकाशित गरी समर्पण भएकै छ । यो पटक गोर्खाल्यान्ड प्राप्त हुनुपर्छ भन्ने ग्रेटर नेपाल साप्ताहिकको शुभकामना अर्पण गरिन्छ । अस्तु ।

## अबको क्रान्ति : पर्यावरणीय

सुदर्शन प्रधान

# राचेल कार्सन, अमेरिका र धरती योद्धा

अमेरिका वर्तमान विश्वकै सबभन्दा धेरै शस्त्रास्त्र उत्पादन र बिक्री गर्ने मुलुक हो । त्यसपछि रूस, चीन, ब्रिटेन, फ्रान्स, जर्मनी, इजरायल, बेल्जियम, क्यानडाजस्ता थुप्रै विकसित मुलुकहरूको आयको एक मूल स्रोत ध्वंसात्मक हातहतियार बनिरहेछ । ती शस्त्र भनेको मेसिनगन, ट्याङ्क, लडाकु विमान र हेलिकप्टर, क्षेप्यास्त्र, पनडुब्बीजस्ता सयौं विनाशकारी हतियारका रूपमा आएका छन् । यस्ता हतियारले गाउँबस्ती, सहरबजार, पुल, स्कुल, अस्पताल, बाँध, फर्म, उद्योग, कारखानाहरू ध्वंस गर्छन् । यसले वातावरणमा दोहोरो, तेहोरो विनाश गर्छ ।

उदाहरणका लागि एउटा २० टनको ट्याङ्क बेनन प्रकृतिको अमूल्य फलाम धरतीको गर्भबाट निकालिन्छ, अनि उत्तिकै तौलभन्दा बढी इन्धन प्रयोग गरेर फलाम गाली थुप्रै पार्टपुर्जाबाट ट्याङ्क तयार हुन्छ । यसले घर, भवनहरू, मानवीय भौतिक संरचनाहरू ध्वंस गर्ने कार्य गर्छ र सयौं-हजारौं मानिसहरूको प्राणपखेरू उडाउँछ, रगत बगाउँछ । अरू विनाशकारी बमहरूबारे त यहाँ चर्चा गर्न आवश्यकै छैन । जसको प्रहारबाट लाखौं, करोडौं मानवहरूको संहार गर्ने क्षमता राख्छ ।

दन्त्य कथाको राक्षसभन्दा भयानक प्रवृत्ति बोकेका मान्छेहरूका उल्लिखित कुराहरूलाई दार्शनिक भाषामा मानवइतिहासको हिंस्रक निरन्तरता मान्नुपर्छ । अब त्यस भस्मीभूत मार्गलाई परित्याग गर्न सर्वप्रथम



विश्वभरका मानवजातिले आआफ्नो राष्ट्र, धर्म, जाति, सम्प्रदाय, वर्गजस्ता सबै कृत्रिम कुराहरू परित्याग गरी १८० डिग्रीमा मोडिएर यो ग्रह तथा पृथ्वी माताको सुरक्षाका लागि कुनै पनि कुराहरू परित्याग गर्न तयार भएर देखाउनुपर्छ । धरतीयोद्धा, पृथ्वीयोद्धा परिचय दिँदै अगाडि लम्केमा सबै खालका दानवहरू विनाश हुनेछन् त पृथ्वीमाताका असल पुत्रपुत्रीको रूपमा इतिहासभरि ती गुन्जिनेछन् ।


अमेरिकी सेनासँग सम्बन्धित एउटा तथ्य निकै महत्त्वको छ । इराकस्थित अलसबाब अमेरिकी सैन्य क्याम्पभित्र डेढ वर्षसम्म शारीरिक श्रममा बिताएका अशोक नामका परिचित भाइबाट त्यहाँको वस्तुस्थितिबारे केही ज्ञान प्राप्त भयो । उनी गजबका जुत्ता लगाउँथे । उक्त जुत्ताको तथ्यबारे भन्थे, "क्याम्पमा हजारौं अमेरिकी सेना रहन्थे । उनीहरू कतै विद्रोहीविरूद्ध आक्रमणमा त कतै प्रतिरक्षामा र कतै सैन्य गस्तीमा गइरहन्थे । उनीहरू हरेकलाई क्याम्पमा आएपछि फर्निचर, लत्ताकपडा, जुत्ता, टिभीदेखि सम्पूर्ण उपभोग्य वस्तुहरू नयाँ हुन्थे । ६ महिना क्याम्पमा बसेपछि उनीहरू फेरिन्थे र नयाँ सैन्य समूह आउँथ्यो । पुराना सेनाले उपयोग गरेका सम्पूर्ण सामान जम्मा गरी पेट्रोल छर्केर आगो लगाई नष्ट गरिन्थ्यो । सैन्य गोप्यता बचाउनका लागि त्यस्तो गरिएको होला । यो जुत्ता त्यही फ्याँकिएका मालसामानहरूको रासबाट निकालेको हुँ....।"


मानवसमाजमा सबभन्दा धेरै वातावरण प्रदूषण गर्नेहरू भनेका धेरै धनसम्पत्ति हुनेहरू हुन् । किनकि मानिस जति धेरै धनी हुन्छन्, उनीहरू दैनिक उपभोग्य वस्तुहरू पनि धेरै नै प्रयोग गर्छन् र नयाँनयाँ फेर्छन् । गाडीवाहन, लत्ताकपडा, जुत्ताचप्पल, रेफ्रिजेरेटर, एअर कुलर, भवनहरू, फर्निचर, मोबाइल, टिभीदेखि सम्पूर्ण वस्तुहरू अधिक प्रयोग गर्छन् । त्यसमा सैन्यशक्ति पनि अगिल्लो मोर्चामा पर्छ । किनकि शस्त्रअस्त्रलगायत उपभोग्य अन्य वस्तुहरू धेरै प्रयोग गर्ने सैनिकहरू नै हुन् । त्यसमा अमेरिकी सेना भनेको आजको विश्वमा सबैभन्दा धेरै प्रदूषण गर्ने समूह हो भनेर माथिको तथ्यले चरितार्थ गर्छ ।

# मैले देखेको तेस्रो विश्व सम्पदा : नेपालको बौद्धनाथ

— सुरेन्द्र ढकाल —


३५ किलो सुनको जलपले बनिएको नयाँ बौद्धनाथ स्तुपा


बौद्धनाथ भूकम्पपछि पुनर्निर्माण हुंदै


बौद्धनाथ परिसरमा सन् २००१ तिर मोनिका, सुरेन्द्र र सुमना ढकाल




बौद्धनाथ र वरिपरि


बौद्धनाथको यही बाटोबाट हिंडेर हामी सुन्दरीजल गएका थियौं


म नौ वर्षको हुंदा देखेको बौद्धनाथ

कुरा २०२४ सालतिरको हो । विजय मेमोरयिल स्कुलमा ७ कक्षाको वार्षिक परीक्षा दिएर मीन पचासको जाडोको छुट्टीमा थियौं हामी बालबालिका । त्यति खेर मेरो उमेर नौ वर्ष पूरा भएर १० वर्ष लागेको मात्र थियो । अहिलेको जस्तो जहाँबाट जहाँ जान पनि बसको व्यवस्था थिएन । त्यतिखेर गौशाला रत्नपार्कको रूटमा मात्र बस चल्थ्यो । गौशालाबाट उत्तर जहाँ जान पनि हिंडेरै जानुपर्ने हुँदा बानेश्वरबाट वौद्धनाथसम्म जान पनि अवसर नै कुर्नु पर्दथ्यो । झन् हामी बालबालिका एक्लै त्यति टाढा जाने कुरा पनि हुँदैनथ्यो । विजय मेमोरियल स्कुल डिल्लीबजारमा भएको कारण रत्नपार्क र रानीपोखरीसम्म मात्रै मैले देखेको थिएँ । बानेश्वरबाट शंखमूल हुँदै पाटन हिंडेर जाने बाटो अनकन्टार थियो । गठेले बालबालिकालाई समातेर लैजान्छ भन्ने डर हामीलाई देखाइएको हुँदा एक्लै त्यो बाटो हिंडने कुरा पनि थिएन । यसैबीच हामी उही उमेरका साथी भाइहरूबीच सुन्दरीजलको सुन्दरीमाईको मन्दिरमा पिकनिक जाने तय भयो । पुरानो बानेश्वरबाट गौशालासम्म बस चढ्ने कुरा पनि भएन । तसर्थ माघ महिनाको एका बिहानै हामी ७ जना बालबालिकामध्ये बानेश्वरबाट लाग्यौं सुन्दरीजल पिकनिक गर्न जान भनेर ।

हाम्रा आमाहरूले खानको लागि भनेर खानदानमा खानेकुरा बनाइदिनु भएको थियो । हरेकले एकएकवटा खानदान बोकेर हामी करिव ७ बजेतिर लाग्यौं सुन्दरीजलतर्फ । हामी पुरानो बानेश्वर हुँदै गौशाला, मित्रपार्क चावहिल, चुच्चेपाटी हुँदै करिब एक घन्टामा बौद्धनाथ आइपुग्यौं । स्कुलबाट घर अनि घरबाट स्कुल आउने जाने मात्र गर्ने गरेका हामी पहिलो पटक एक घन्टा हिंडेर बौद्धनाथसम्म पुग्दा हामीले के के न गऱ्यौं जस्तो भान भएको थियो हामीलाई । हामी आधा घन्टा जति बौद्धनाथ परिसरमा रमायौं । मैलै बौद्धनाथ स्तुपा पहिलो पटक मेरो जीवनमा त्यही बेला देखेको थिएँ । पछि पछि फेरि गोकर्णमा मामाघरको कुलदेवता पूजाको अवसरमा जाने गरिन्थ्यो अनि त्यतिखेरै बौद्धनाथको स्तुपा एक पटक घुमिन्थ्यो । पछि २०४१ देखि ४६ सालसम्म इटली जर्मनी अध्ययन गर्ने क्रममा युरोप गइयो । धेरै विदेशी साथीहरूसँग घनिष्ठता बढ्यो । आफ्नै श्रीमती मोनिका पनि जर्मन नागरिक भएको हुँदा धेरै जर्मन साथीहरू नेपाल घुम्न आउँथे । उनीहरूलाई पशुपतिनाथ देखाएपछि देखाउने अर्को थलो भनेको बौद्धनाथ स्तुपा नै हुने हुँदा बौद्धनाथ परिसरमा भएका विकास र परिवर्तनहरू मैलै आफ्नै आँखाले देख्न पाउँथे ।

**बौद्धनाथ स्तुपा**

नेवारीमा खास्ती चैत्य, तिब्बती भाषामा ज्यारूङ खासोर भनिने बौद्धनाथ स्तुपा काठमाडौं सहरको केन्द्रबाट ११ किलोमिटर पूर्वोत्तर रहेको छ । मण्डाला डिजाइनमा बनाइएको यस स्तुपा नेपाल र विश्वकै सबैभन्दा ठूलो स्तुपा हो । यस बौद्धनाथ परिसरमा सन् १९५० तिर तिब्बतबाट आएका शरणार्थीहरू आइ बसी उनीहरूले ५० वटाभन्दा बढी गुम्बाहरू निर्माण गरेका छन् । सन् १९७९ मा नै यूनेस्कोले बौद्धनाथलाई विश्व सम्पदामा सूचीकरण गरेको थियो । विश्वका सबै वौद्धधर्म मार्गीहरूको गन्तब्य स्थल बनेको छ यो स्तुपा । यद्यपि काठमाडौं आउने सामान्य पर्यटकहरू पनि यस स्तुपाको अवलोकन गर्न आउँछन् । पुरानो तिब्बत नेपाल ब्यापारिक मार्गमा पर्ने भएको कारणले गर्दा पनि साँखु, चावहिल र देवपत्तनको विकास सँगसँगै बौद्धनाथ क्षेत्रको पनि विकास हुन गयो । धेरै शताब्दी अगाडिदेखि पैदलै काठमाडौं आउने क्रममा तिब्बती भिक्षुहरू बौद्धनाथ आउँथे, हिंडाइको थकाइ मेट्दै बुद्धको पूजाआजा गर्दथे । कश्यप बुद्धको अस्थी राखिएको चिहान भनेर यस स्तुपालाई भन्ने गरिन्छ । बुद्धको मृत्युलगत्तै यस स्तुपा बनाइएको भनिन्छ । गोपाल वंशावलीअनुसार यस स्तुपाको निर्माण लिच्छवी राजा शिवदेवको पालामा भएको थियो । कसैले होइन राजा मानदेवकै पालामा सन् ४६४ देखि ५०५ मा नै यस स्तुपाको निर्माण भएको ठोकुवा गर्दछन । १५औं शताब्दीको अन्त्यतिर यहाँ एक सहर उत्खननबाट भेटिएको र लिच्छवी राजा अंशुवर्माको अस्थी भेटिएको उल्लेख छ । जसले सन् ६०५ देखि ६२१ सम्म नेपालको शासन गरेका थिए । कसैले यो स्तुपा तत्कालिन तिब्बती सम्राट त्रिसोङ देत्सानले बनाउन लगाएको हो पनि भन्दछन् ।

किवंदन्तीलाई विश्वास गर्ने हो भने यस चैत्य निर्माणको अर्के कथा छ । ज्याजीमा एक साधारण महिला थिइन् र पूर्व जन्ममा अप्सरा भएको कारण उनका चार पतिहरू थिए र हरेक पतिबाट उनले एकएक गरी चार छोरा जन्माएकी थिइन् । यी चार छोराहरूमध्ये एकले घोडा, एकले सुँगुर, एकले कुकुर र एकले कुखुरा पालनको व्यवसाय गरेका थिए । यी चारै छोराहरू व्यवसायी भए तापनि यिनीहरूको धर्ममा ठूलो आस्था थियो र यिनीहरूले नै यो चैत्य निर्माण गर्न लगाएका थिए । चैत्य निर्माणको लागि आवश्यक जग्गा ज्याजीमाले उपलब्ध गराएकी थिइन् । चैत्य निर्माणको लागि आवश्यक सामग्रीहरू हात्ती, घोडा, खच्चर, गधा लगायतका जनावरहरूले बोकेर ल्याएका थिए ।

यो स्तुपा बनाउन ७ वर्ष लागेको थियो । धेरै अवतारी लामाहरू स्वर्गबाट आई यहाँ बसी पूजापाठ गर्ने गरेको कारण यस चैत्यलाई संसारकै महत्वपूर्ण चैत्यको रूपमा लिइन्छ । यही चैत्य बनाएको कारण ज्याजीमाको पहिलो छोरा ताजिबु अर्को जन्ममा तिब्बतको राजा त्रिसोङ देत्सेन बन्न पुग्यो । दोस्रो छोरा फाग्जीबु वोधिसत्व शन्तराक्सिता बन्न पुगी बौद्धधर्म गुरू बने । तेस्रो छोरा ख्याजिबु रिनपोछे पद्मसंभव बन्न पुगे जसले धर्मनाशक राक्षसहरूको संहार गरेका थिए ।

सन् २०१५ अप्रिलमा आएको महाभूकम्पले स्तुपाको गजुर नै भत्काइदिएको थियो । यसको पुनर्निर्माण धर्मभिरूहरूकै सक्रियता ३ नोभेम्वर २०१५ मा शुरू गरी दुई वर्ष लगाइ सम्पन्न गरियो । हालको गजुर ३५ किलो सुन लेपेर बनाइएको छ ।

Remember us for the Construction of Private and Public Works

EWES East West Engineering Service Pvt. Ltd.
Consulting Architects, Engineers & Planners

GPO box no : - 8621, Kathmandu Nepal
Phone : +977-1- 4373316 , Fax- 4650203
Website: http://www.ewesnepal.com ä®:
E-mail: info@ewesnepal.com , hbgewe@gmail.com

Load-shedding No Problem
Solar-hybrid inverts are now available with heavy discount
Upto 15KVA
With 24 months Warranty
Sales & services of:
Laptop, Desktop, Printer & Fax, EPABX & Fittings, Inverter & Online UPS, Exide Batteries, Securities & Door Locks, CCTV Camera & Fittings, Biometric Devices & Fittings, Networking & Accessories etc.
B N COMPUTERS INTERNATIONAL
P. O. Box: 10904, New Plaza,Kathmandu, Nepal.
Tel.: 977-1-4444531, 4444532, Fax: 4444532
Cell: 977-9851051003, 9808869062
E-mail: E-mail: crossweb@wlink.com.np,

दाँते सोसाइटी नेपाल
नयाँ बानेश्वरमा इटालियन, अंग्रेजी र जर्मन भाषा सिकी आत्मनिर्भर बनौं ।
फोन : ९८५१०२३६७०, ४४४१८१२

SOS MANPOWER SERVICE (P) LTD.
www.sosmanpower.org
विश्वसनीय र भरपर्दो वैदेशिक रोजगारका लागि हामीलाई सम्झनुहोस्
ISO 9001 JAS-ANZ
Handphone : 9851024628
G.P.O. Box : 3565, Dhapasi, Kathmandu, Labour Dept. Lic. No. : 80/052/53
Tel : 01 4365986 Fax : 01 4365985, Email : sosierra@wlink.com.np

हामी नेपालीहरूमा जुनसुकै क्षेत्रमा पनि काम गरेर देखाउन सक्ने अवस्था छ र सफल पनि हुन सकिन्छ । नयाँ प्रविधि र नयाँ क्षेत्रहरूमा हामी जानैपर्छ । मुख्यत: हामीमा प्रतिबद्धता, लगनशीलता, आँट र साहस चाहिन्छ ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

आधा आकाश

■ भगीरथ अवस्थी

# गर्दैनौं बालविवाह

बैतडी । सुर्नया गाउँपालिका- ३ भौनेलीकी धना भाट एक वर्षअघिसम्म विवाहको कुरा सुन्नेबित्तिकै लाजले रातो मुख लगाउँथिन् । अहिले तिनै धना विवाहको विषयमा खुलेर छलफल गर्ने भएकी छिन् । विद्यालय पढ्ने किशोरी धना आफ्ना दौँतरीहरूलाई पनि सम्झाउँछिन्, '२० वर्ष उमेर नपुगी विवाह गर्नुहुँदैन ।'

एक वर्षअघिसम्म विवाहबारे छलफल नगर्ने धना अहिले कसरी बालविवाहविरुद्ध अभियान चलाउनेसमेत भइन् त ? धना थप्छिन्- किशोरीवृत्त समूहमा छलफल गर्न थालेपछि बालविवाहविरुद्ध बोल्न जान्ने भएका हौँ । बालविवाहले महिलाको जीवनमा पार्ने असरबारे पनि उनीहरू छलफल गर्छन् ।

धनाजस्तै जानकी चन्द पनि बालविवाह न्यूनीकरणमा लागेकी किशोरी हुन् । बालविवाहले छोरीले शिक्षा ग्रहण गर्न नपाउने, स्वास्थ्यमा नकारात्मक असर पर्नेजस्ता कुरा थाहा पाइसकेपछि बालविवाह न्यूनीकरण अभियानमा लागेको जानकीले बताइन् । उनीहरूको गाउँका किशोरीको समूह नै छ- 'चम्किला तारा किशोरीवृत्त' । जहाँ १२ देखि १९ वर्ष उमेर समूहका ३० जना किशोरी छन् । किशोरी समूहले गर्ने कामबारे प्रस्ट्याउँदै जानकीले थपिन्, 'हामी गाउँमा बालविवाह भइरहेका खबर पाउनासाथ रोक्ने प्रयास गर्छौं । अहिलेसम्म गाउँमा ४ वटा बालविवाह रोकिसकेका छौँ । बालविवाहले पार्ने असरबारे किशोरीका आमाबुवालाई सम्झाउँछौं ।'

सन् २०१४ मा बालिका दुलही होइनन् भन्ने राष्ट्रिय सञ्जालले साबिक पाँचवटा गाविसमा गरेको एक अध्ययनअनुसार बैतडीमा ५९.५ प्रतिशत विवाह हुने गरेको देखाएको थियो । बालविवाहको भयावह तथ्याङ्क देखिएपछि सरकारी तथा गैरसरकारी निकायले बालविवाह न्यूनीकरणका लागि किशोरीवृत्त समूह गठन गरी अभियान चलाएका हुन् । महिला तथा बालबालिका कार्यालयको अगुवाइमा जिल्लाका ११ वटा गाविसमा किशोरीवृत्त समूह र ३० वटा गाविसमा किशोरी समूह गठन गरेको थियो । समूहमा आबद्ध भएपछि आजभोलि जिल्लाका किशोरीवृत्त समूहमा आबद्ध किशोरी बालविवाह रोक्नमा केन्द्रित छन् । बालविवाहविरुद्धको अभियान सुरु भएको करिब एक वर्षको अवधिमा जिल्लामा ३० भन्दा बढी बालविवाह किशोरीहरूकै सक्रियतामा रोकिएको महिला तथा बालबालिका कार्यालयले जनाएको छ । 'बालविवाहले पार्ने असरबारे किशोरीवृत्तका सदस्यलाई हामीले सिकाएका छौँ । अहिले गाउँगाउँमा बालविवाह रोक्ने क्रम सुरु भएको छ,' महिला विकास अधिकृत अनिता बुढाऐरले बताइन् ।

जिल्लाको दक्षिणी क्षेत्र मेलौली नगरपालिकाको सलेनामा रहेको प्रगतिशील किशोरीवृत्त समूहकी सचिव कुन्ती भट्टले गाविसमा बालविवाह रोक्न गाविसस्तरीय बालविवाह न्यूनीकरण समिति नै गठन भएको बताइन् । किशोरीवृत्तको पहलमा सलेनामा ३ वटा बालविवाह रोकिएको उनले जानकारी दिइन् । कुन्तीले थपिन्, ' हामीले विद्यालयबाट बालविवाह तय भएका बालिकाको जन्मदर्ताको प्रमाणपत्र माग्यौं अनि २० वर्षभन्दा मुनि बिहे गरेमा कानुनी कारबाही हुन्छ भन्ने कुरा अभिभावकलाई बतायौं । त्यसपछि विवाह रोकियो ।'

जिल्लाको पाटन नगरपालिका सिद्धेश्वरमा किशोरीवृत्तको पहलमा १५ भन्दा बढी बालविवाह रोकिसकिएको सिद्धेश्वर किशोरीवृत्तकी सचिव भुवी विष्टले जानकारी दिइन् । उनी भन्छिन्, 'हामीले गाविसमा बालविवाह न्यूनीकरणका लागि चलाएको अभियान २ वर्षभन्दा बढी भइसकेको छ । हाम्रो अभियानले यसबीचमा धेरै सफलता हासिल गरेको छ । हामी सिद्धेश्वरलाई बालमैत्री गाउँ घोषणा गर्न सफल भएका छौँ । बालविवाह गर्न तयार भएका अभिभावक पनि बालविवाह न्यूनीकरण अभियानमा लागिरहेका छन् । यसले हामीलाई खुसी तुल्याएको छ,' उनले भनिन्, 'बालविवाहले सबैभन्दा बढी प्रभावित हामी किशोरी नै हुन्छौं । त्यसैले हाम्रो समस्या समाधानका लागि हामी नै अग्रसर भएका हौँ ।'

जिल्लाकै सिद्धपुर गाविसमा गठित किशोरीवृत्तकी अध्यक्ष राधिका भट्ट प्रत्येक हप्ताको शनिबार गाउँका किशोरीलाई जम्मा गरेर बालविवाहको असरबारे बताउँछिन् । 'हामीले बालविवाहविरुद्धको अभियान सञ्चालन गरेयता गाउँमा बालविवाह भएको छैन । अभिभावकले बिहेको कुरा निकाल्नासाथ किशोरी आफैँ प्रतिवाद गर्छन्,' उनी बताउँछिन्, 'विवाह गर्ने निर्णय अभिभावकको हातमा मात्रै हुने कुरालाई हामीले परिवर्तन गरेका छौँ । अहिले हामी बालिकाले पनि उच्च शिक्षा ग्रहण गर्न पाउनुपर्छ । छोरी पनि समाजमा ठूलो मान्छे हुन सक्छन् भन्ने कुरा सिकाउँदैछौँ ।'

किशोरीले बालविवाहविरुद्धको अभियान सञ्चालन गरेयता छोरीलाई पनि पढाउनुपर्छ भन्ने मान्यताको विकास हुँदै गएको जनता मावि सिद्धेश्वरका शिक्षक पुण्डरिक शर्मा बताउँछन् । उनी भन्छन्, ' पहिलापहिला छोरीलाई १५ वर्ष भयो भने पराइघर पठाउनुपर्छ भन्ने मान्यता थियो । राम्रोसँग पढ्दै गरेका बालिकाको सुटुक्क बिहे गरिदिन्थे । अहिले नानीहरूले अभियान चलाएपछि अभिभावकले छोरीलाई पनि छोरासरह पढाउनुपर्छ भन्ने बुझ्न थालेका छन् ।' जिल्लाका अहिले धेरैजसो गाविसमा किशोरीवृत्त समूह बालविवाह न्यूनीकरण अभियानमा लागिरहेका छन् । 'उनीहरूले घर, विद्यालय, समूह बैठक सबै ठाउँमा सहभागिता जनाएर बालविवाह न्यूनीकरणका लागि पैरवी गरिरहेका छन्,' संयुक्त राष्ट्रसङ्घीय जनसङ्ख्या कोषका जिल्ला कार्यक्रम अधिकृत गणेश शाही किशोरीवृत्त समूहकै अगुवाइमा जिल्लालाई नै २०७५ सालभित्र बालविवाहमुक्त जिल्ला घोषणा गर्ने तयारी भइरहेको बताउँछन् ।

बालविवाहले पार्ने असरबारे किशोरीलाई तालिम दिएपछि उनीहरूले गाउँगाउँमा अभियान सुरु गरेको महिला विकास अधिकृत अनिता बुढाऐरको अनुभव छ । 'बालविवाह सर्वाङ्गीण विकासको बाधक भएकाले हामीले किशोरीमार्फत नै बालविवाह रोक्ने अभियान सुरु गरेका हौँ । केही हदसम्म रोक्न सफल भएका छौँ । सबै ठाउँमा बालविवाह रोकियो भने पछि समाजमा बालविवाह गर्ने चलन हराउँछ ।' बालविवाहले महिलाको प्रजनन स्वास्थ्यमा गम्भीर समस्या ल्याउने भएकाले यसको अन्त्य गर्नुपर्ने जिल्ला स्वास्थ्य कार्यालय बैतडीका प्रमुख डा. गुणराज अवस्थीले बताए । उनी थप्छन्, 'सानो उमेरको विवाहले महिलाले सानै उमेरमा बच्चा जन्माउनुपर्छ । प्रजनन अङ्गहरू विकसित नहुँदै बच्चा जन्माउँदा महिलाले धेरै समस्या भोग्नुपर्ने हुन्छ । त्यसैले महिलाको समग्र विकासका लागि बालविवाह अन्त्य हुनुपर्छ । जिल्ला स्वास्थ्य कार्यालयले पनि आफ्ना कार्यक्रममार्फत बालविवाह रोक्नका लागि पहल गरिरहेको छ ।'

*(सञ्चारिका फिचर सेवा)*

# सहरीकरणका वातावरणीय दुष्प्रभावहरु



## गणेश पराजुली

आधुनिकता मानव जीवनको अभिन्न अंग हो । आधुनिकताका खातिर निर्मित प्रविधि यवं उपकरणहरू मानव समुदायका निमित्त जति हितकारी छन् त्यति नै अभिशापयुक्त पनि सावित हुदै गएका छन् । भौतिक सामाग्रीको वढ्दो प्रयोगले समाज एवं मानव जीवनलाई कृतिमतातर्फ धकेलेको छ । मुलरूपमा हिजोआज रहरको आवश्यकता वढ्दै गएको छ । सुखः दुख जे जस्तो जसरी भएपनि शहरी क्षेत्रमा मानिस ओईरिने र जसो तसो बस्ने प्रवृति नै सहरीकरण हो ।

शहरीकरण आफैमा नराम्रो कुरा पक्कै पनि होईन तर, कंक्रिट जंगलको रूपमा अव्यवस्थित रुपमा विस्तारित शहरीकरणले सामधान भन्दा पनि समस्या निम्त्याएका हुन् । शहरीकरणको उपज जनसंख्याको अधिक चाप, वढ्दो फोहरमैला, सडक क्षमता भन्दा वढी सवारी साधन, तिव्र औधोगिकिकरण जस्ता कारणले जल, वायु, ध्वानी र भू प्रदुषण मात्र वढाएका छैनन् त्यसले आम नागरिकको स्वच्छतापूर्वक वाँच्न पाउने नैर्सगिक अधिकारमा समेत अवरोध पुऱ्याएका छन् । त्यसैले अव्यवस्थित शहरिकरणलाई वातावरण प्रदुषणको प्रमुख कारणको रूपमा लिने गरिएकोछ ।

नेपालमा हाल ४७ लाख ६७ हजार आवासीय सरचनाहरु रहेका छन् । जसमा ५४ लाख २७ हजार परिवार वसोवास गर्ने गरेको तथ्यांक छ । २०७१ वैशाख भन्दा अघि तत्कालीन ५८ वटा नगरपालिकामा वस्ने जनसंख्यालाई मात्र सहरी जनसंख्याको रुपमा लिइएअनुसार सहरी जनसंख्या करिव १७.१ प्रतिशत रहेकोमा नेपालको सहरी जनसंख्या हाल घोषित कुल २ सय ६५ महानगरपालिका, उपमहानगरपालिका र नगरपालिकाको जनसंख्यालाई आधार मान्दा करिव ५८.२५ प्रतिशत रहेको आर्थिक सर्भेक्षण २०७३।७४ ले जनाएको छ ।

मूलत अवसरको खोजी लगायतका कारणले शहरी क्षेत्रको जनसंख्या तीब्र वृद्धि हुँदै गएको अध्यायनहरुले देखाएका छन् । यसको परिणामस्वरुप शहरमा उपलब्ध सीमित सामाजिक र भौतिक पूर्वाधार सेवाहरुमा अतिरिक्त चाप पर्न गएको छ । काठमाडौ लगायत अन्य ठूला शहरहरु तथा नगरोन्मुख क्षेत्रहरुमा बढ्दै गएको जनसंख्याको चापलाई शहरी क्षेत्रको धारण क्षमता भित्र कायम राखी प्राकृतिक तथा साँस्कृतिक वातावरणमा सन्तुलन कायम गर्न सके त्यसले फोहरमैला उत्पति तथा व्यवस्थापनमा समेत अनुकुल प्रभाव पर्न जानेछ ।

हाम्रो सन्र्दभमा तिव्र गतिमा वढ्दै गएको शहरिकरणले प्राकृतिक स्रोत यवं सम्पदामाथि अधिक शोषण उत्पिडन मात्र गरेको छैन यसले फोहरमैला वढाई जनस्वास्थ्यका साथै वातावरण व्यवस्थापनमा समेत चुनौती खडा गरेको छ । त्यसैले यो एउटा प्रमुख वातावरणीय समस्याको रुपमा दरिन पुगेको छ । वढ्दो औधोगीकरण तथा सहरीकारणका कारण भएको वातावरण प्रदुषण तथा जलवायु परिवर्तनका असरहरुलाई न्यून गर्न एकातिर हरित ग्याँसको उत्सर्जनमा व्यापक कटौती गर्नु आवश्यक छ भने अर्कातिर यस्ता असरहरुलाई कमगर्न अनुकूलनका विभिन्न रणनीति अवलम्वन गर्नु पर्दछ । जलवायु परिवर्तन सम्वन्धी महासन्धीको पक्ष राष्ट्को हैसियतले नेपालले त्यसतर्फ केही नवीनतम पहल सुरु गरेको भएता पनि त्यो पर्याप्त छैन ।

प्रदुषित वातावरणका कारण प्रत्येक वर्ष हाम्रो देशमा कति नागरिकले अकालमा ज्यान गुमाउने गरेका छन् त्यसको आधिकारिक तथ्यांक कसै सँग छैन। मूलुकको जल, वायु, ध्वनि,भू प्रदुषणको अवस्था हेर्दा लाग्छ प्रत्येक वर्ष यसवाट प्रताडित हुनेको संख्या ठूलो छ । अरवौ रुपैया औषधि उपचारमा खर्च भईरहेको छ । वायु, ध्वानि लगायतका केही प्रदुषणका सन्दर्भमा मापदण्ड तोकिएता पनि अन्य शहरको त कुरै छोडौ काठमाण्डौ उपत्यकामा नै त्यसको अवस्था के छ त्यसको आवधिक विवरण सरोकारवाला वातावरण मन्त्रालयसँग छैन । विदेशी दाताहरुले उपलव्ध गराएका प्रदुषणमापक यन्त्रहरु शहरका विभिन्न भागमा वेवारिसे अवस्थामा रहेका छन् ।

विकशित मुलुकहरुमा शहरको वातावरणीय अवस्था, वायु, ध्वनी प्रदुषणको आवद्यिक स्थितिका वारेमा सुसूचित हुन पाउनुलाई नागरिकले आफ्ना अधिकार (सूचनाको हक) का रुपमा लिने गर्दछन् । तर, हाम्रो देशमा यसवारे सरोकारवाला नियामक निकाय मन्त्रालयनै मौन रहेकाले तत्काल त्यस्तो अवस्थाको अपेक्षा त गर्न सकिदैन तर, संविधान प्रदत्त हकको प्रचलनका लागि कानूनी उपचार खोज्न सक्ने अवस्था भने विद्यमान रहेको छ । प्रदुषण गर्नेले त्यसको मुल्य तिर्नुपर्ने विश्वव्यापी मान्यता क्रमशः हाम्रो देशमा पनि स्थापित हुदै गएको छ ।

हाम्रा ऐन कानुनहरुले पनि त्यसको पक्षमा वकालत गरेका छन् । नेपाल अधिराज्यको संविधान २०७२ ले स्वच्छ वातावरणमा वाँच्न पाउने नागरिकको अधिकारलाई मौलिक हकको रुपमा स्थापित गरेको छ । नागरिकको यस्तो हकमा कसैले हनन पुऱ्याए त्यसको कानुनी उपचार यवं क्षतिपुर्तिको व्यवस्था छ । शारीरिक तथा मानसिक रक्षाको सुनिश्चिता जीवनको अधिकार संरक्षणको सार हो । जीवनबिना कुनै पनि अधिकारको उपभोग गर्न सम्भव छैन । अतः प्रत्येक व्यक्तिलाई आफ्नो पहिचान र आत्मसम्मानका साथ स्वच्छ वातावरणमा बाँच्न पाउने हकलाई सुनिश्चित गर्नु आवश्यक छ ।

सहरीकरणको प्रमुख दुष्प्रभाव फोहोरमैला हो । "फोहरमैला" भन्नाले घरेलु फोहरमैला, औद्योगिक फोहरमैला, रासायनिक फोहोरमैला, स्वास्थ्य संस्थाजन्य फोहरमैला वा हानिकारक फोहरमैला सम्झनु पर्छ र सो शब्दले तत्काल प्रयोग हुन नसक्ने अवस्थामा रहेका, फालिएका वा सडेगलेका का, वातावरणमा ह्रास आउने गरी निष्काशन गरिएका ठोस, तरल, ग्यास, लेदो, धुवाँ , धुलो, विद्युतीय तथा सूचना प्रविधिका लागि प्रयोग भएका सामाग्रीहरु लगायतका पदार्थ वा त्यस्तै प्रकारका अन्य वस्तुहरु वा अनधिकृत रुपमा सार्वजनिक स्थलमा टाँसिएका मा पोष्टर, पम्पलेट र नेपाल सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी फोहरमैला भनी तोकिदिएको अन्य वस्तु समेतलाई जनाउनेछ भनी फोहमैला व्यवस्थापन ऐन,२०६८ ले परिभाषित गरेको छ ।

हाम्रा शहरहरूवाट उत्पति हुने फोहरहरू अन्य विकशित मुलुकहरूको तुलनामा कम जटिल प्रकृतिको मानिन्छ । यहाँ जम्मा हुने फोहोरहरूमा तरकारी केलाउँदा निस्किने फोहोर, प्लाष्टिकका झोला, कार्टुन, कागज, माटाका फुटेका भाँडाहरू, कपडा, टुक्राटुक्री सिसाहरू, करेसाबारीका झारपात र पुराना जुत्ता चप्पलहरू र अधिक मात्रामा मानिसले उपयोगमा ल्याउने सामानहरू रहेका छन् । यी फोहरमैलाहरूलाई जलनशील, अजलनशील,पुनः प्रशोधनयुक्त, प्लाष्टिकका ठूला भाडा र सामान, खतराजन्य, स्रोतयोग्य फोहर, ओजनदार फोहर,मेसिनरी सामान र खाद्यपदार्थ गरी विभिन्न भागमा विभक्त गर्न सकिन्छ ।

एक अध्ययन अनुसार काठमाण्डौको फोहरमा जैविक ६७.५ प्रतिशत, कागज ८.८ प्रतिशत, प्लाष्टिक ११.४ प्रतिशत, धूलो र निर्माण सामाग्री ५.३ प्रतिशत, टेक्सटायल तथा गार्मेन्ट ३.६ प्रतिशत र अन्य ३.४ प्रतिशत रहेको पाईन्छ । त्यसैले काठमाण्डौ उपत्यकाको फोहरको प्रकृतिलाई हेर्दा ७०% organic फोहर भएकाले फोहोरहरूलाई श्रोतमानै वर्गिकरण गरी राम्रो ध्यान दिएर कम्पोष्ट मल बनाउने प्रविधिलाई बढि प्रभावकारी र व्यावहारिक बनाउने हो भने ३०% फोहरलाई मात्र व्यवस्था गर्नुपर्ने देखिन्छ । त्यसैले घरघरमा नै फोहरमैलालाई अलग गर्ने कुरालाई बढी जोड दिनेतर्फ ध्यान जानु आवश्यक छ । यससँग सरोकार निकाय र पक्षहरूले segregation को पक्षमा ध्यान दिएमा फोहरमैला व्यवस्थापनमा प्रभावकारिता आउने देखिन्छ । फोहोरहरूलाई उत्पति स्थलमानै वर्गिकरण गरी पुन प्रयोग र पुनचक्रिय प्रयोग गर्ने मात्र हो भने पनि फोहरमैला व्यवस्थापनको कार्य धेरै सहज हुन जान्छ ।

सेवा, सुविधा र अवसरहरुको खोजी तथा शहरी क्षेत्रमा उपलब्ध शिक्षा र रोजगारीको अवसरको कारण ग्रामिण क्षेत्रवाट शहरी क्षेत्रमा मानिस ओईरिने प्रवृति नै शहरीकरण हो । नेपालमा शहरीकरणको वार्षिक वृद्धिदर १७ प्रतिशतको हाराहारीमा रहेको पाईएको छ । एक अध्ययन अनुसार प्रत्येक वर्ष काठमाण्डौंमा मात्र ६ हजारको संख्यामा नयां घरहरू थपिने गरेका छन् । थपिएका यी घरहरूले काठमाण्डौं उपत्यका भित्रका अत्यन्त उर्वर भूमि नष्ट गरेका छन । यही ढंगले उपत्यकामा नयां घरहरू निर्माण हुदै जाने र यहांको उर्वर भूमि यवं हरियाली नष्ट भईरहने तर, सरकार यवं निजी क्षेत्रले यसको संरक्षण यवं संवद्धनमा चासो यवं सरोकार नदेखाउने हो भने यसले गंभिर वातावरणीय दुष्प्रभाव ल्याउने देखिन्छ । अव्यवस्थित शहरीकरणका कारण हालसम्म काठमाण्डौं उपत्यकामा मात्र ८० हजार हेक्टरको हाराहारीमा उर्वर जमिन नष्ट भै सकेको तथ्यांक छ । यो क्रम निरन्तर वढ्दो अवस्थामा छ । यसले उपत्यकाका उर्वर भूमि मात्र नष्ट गरेको छैन कंक्रिट जंगल वढाएको छ ।

निश्चित रुपमा सहरीकरण व्यवस्थापन सम्बन्धी कार्य कुनै एक पक्षको एकल प्रयासले मात्र प्रभावकारी हुन सक्दैन । सरकार, स्थानीय निकाय, नागरिक, निजी तथा गैर सरकारी संघ सस्था, दातृनिकाय,उद्यमी र सरोकारवालाहरूको सक्रिय साझेदारीबाट मात्र यो कार्य सफल हुनसक्छ । जलवायु परिवर्तन सम्वन्धी महासन्धीको पक्ष राष्ट्को हैसियतले नेपालले त्यसतर्फ ठोस एवं प्रभावकारी कदम चाल्न ढिलो भइसकेकोले दीगो विकासका लागि व्यवस्थित वसोवासलाई वातावरण मैत्री वनाउनु आवश्यक मात्र होइन अत्यावश्यक छ ।

कविता

# कागजै सब गरौंला



● प्रेम ओली
(ढकलपुरे)

भन्ने महानगरपालिका
तर गर्ने छैन कुनै तालिका
जता हेऱ्यो फोहोरै फोहोरको ताज छ
पच्चीस वर्षदेखि यो सहरमा
यही फोहोरकै राज छ
अव्यवस्थित घरहरुको फसल छन्
बाटोभरि जात्राको जस्तो पसल छन्
सरकारलाई देशभरि
महानगर घोषना गर्नमै गर्व लाग्छ
तर थाहा छैन
महानगरले के के कुरा माग्छ
महानगर पनि कस्तो
बाटो गाउँपालिकाको जस्तो
सुविधा नगरपालिकाको जस्तो
मान्छेलाई दिसा लाग्यो भने
घरतिर नै भाग्नुपर्छ
पिसाब लाग्यो भने पनि
घरतिरै लाग्नुपर्छ
यहाँ कागजमै नगरपालिका
कागजमै स्मार्टसिटी आउँछ
थाहा छैन कुन दिन सरकारले
कागजमै युरोप अमेरिका पनि ल्याउँछ
हामी पनि कागजमै मेट्रो ट्रेन
कागजमै मनोरेल चढौंला
मिसाइल रकेट पनि कागजकै
कागजमै विश्वयुद्ध लडौंला
कागजमै संसार जितौंला
कगजमै संसार हाँकौंला
ययार्थमा कोही लड्न आए
जङगलतिर भागौंला
कागजमै पिच हुन्छ यहाँ
कागजमै विकास हुन्छ
कागजमै न्याय हुन्छ
कागजमै निसाब हुन्छ
कागजमै देश सिंगापुर हुन्छ
कागजमै स्विजरल्यान्ड बन्छ
कागजमै स्वर्ग होला देश
कागजमै धनी कागजमै सुखी बनौंला
कागजमै खुसीयाली, कागजमै
उत्सब मनाऔंला ।

# स्रष्टाहरूलाई भानु शिखर सम्मान



काठमाडौं । विश्व नेपाली साहित्य प्रज्ञा प्रतिष्ठानले २०४ औं भानुजयन्ती स्रष्टा सम्मान, कविता वाचन, कृति लोकार्पणलगायतका साहित्यिक गतिविधिका साथ मनाएको छ । नेपाली भाषा, साहित्य तथा कला संस्कृतिको उन्नयन गर्ने र विश्वभर छरिएर रहेका नेपाली स्रष्टाबीच सम्पर्क सेतुको काम गर्ने उद्देश्यले गठित प्रतिष्ठानले गत १७ गते शनिबार बबरमहलस्थित दूरसञ्चार तालिम केन्द्रको प्रशिक्षण हलमा भव्य कार्यक्रम आयोजना गरी आदिकविप्रति श्रद्धासुमन अर्पण गरेको छ ।


प्राध्यापक डा. गार्गी शर्माको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा वरिष्ठ साहित्यकार त्रय शैलेन्दुप्रकाश नेपाल, विवश पोखरेल, जलेश्वरी श्रेष्ठलाई 'भानु शिखर सम्मान २०७४' द्वारा सम्मानित गरिएको थियो । वरिष्ठ साहित्यकार तथा बनिता पत्रिकाकी सम्पादक लक्ष्मी उप्रेतीद्वारा नेपाली, अंग्रेजी र मराठी भाषामा लेखिएका ४ वटा बाल साहित्य पुस्तकको विमोचन गरिनुका साथै उक्त कार्यक्रममा नवोदित गायिका कोपिला शिवाकोटी खरेलको म्युजिक भिडियोसमेत लोकार्पण गरिएको थियो ।

पूर्वमन्त्री हरिप्रसाद न्यौपाने, इजरायलका लागि नेपालका पूर्वराजदूत प्रल्हादकुमार प्रसाईं, दिलमाया श्रेष्ठ, वरिष्ठ साहित्यकारहरु गीताकेशरी, उन्नति बोहोरा शिला, प्रा.डा.पारसमणि भण्डारी, अमेरिकाबाट आउनुभएकी साहित्यकार विमला निरौला, लक्ष्मीप्रसाद प्रसाईंले आतिथ्यता ग्रहण गर्नुभएको कार्यक्रममा पूर्वराजदूत प्रल्हादकुमार प्रसाईंलाई संस्थाको संरक्षक सदस्यता प्रदान गरिएको थियो । त्यसैगरी स्वदेश तथा विदेशबाट समेत विशिष्ट र आजीवन सदस्यता लिई संस्थालाई जीवन्तता दिलाउन सहयोग पुऱ्याउने साहित्यप्रेमीहरुलाई पनि सदस्यता प्रमाणपत्र प्रदान गरिएको थियो ।

प्रतिष्ठानका वरिष्ठ सदस्य लक्ष्मी उप्रेतीले आकर्षक ढंगले संयोजन गरेको कार्यक्रममा प्रतिष्ठानका अध्यक्ष तथा कार्यक्रमका सभापति गोपीकृष्ण प्रसाईंले स्वागत मन्तव्य प्रस्तुत गर्दै संस्थाका गतिविधिसमेत जानकारी गराउनुभएको थियो । उहाँले छोटो अवधिमा प्रतिष्ठानले बेलायत शाखा विस्तार गर्न सफल भएको र निकट भविष्यमा अन्य देशहरुमा पनि शाखा विस्तार गरी छरिएर रहेका साहित्यकारहरुलाई प्रतिष्ठानमा जोड्दै लैजाने बताउनुभयो । भानुभक्तको जीवनी रोचक र प्रभावकारी ढंगले प्रस्तुत गर्नुभएका प्रसाईंले प्रतिष्ठान सबै स्रष्टाहरुको साझा चौतारी बन्ने विश्वास व्यक्त गर्नुभयो ।

कार्यक्रमलाई कविता वाचनको माहोलले तताएको थियो । वरिष्ठ कविहरु प्रल्हाद पोखरेल, ठाकुर शर्मा, विमला तुम्खेवा, शैलेन्दुप्रकाश नेपाल, विवश पोखरेल, गीताकेशरी, ब्रम्हप्रियाले कविता तथा मुक्तक प्रस्तुत गर्नुभएको थियो । यस्तै कवि गोकुल अधिकारी, तेजेन्द्र प्रसाईं, बालिका गिरी, कल्पना प्रसाईं, दिपसन खनाल, विमला निरौला, मुकुन्द प्रसाईं, रश्मि रिमाल, यादृक्षा उप्रेती, पुकार तिम्सिना, किशोर उप्रेती, विनोद श्रेष्ठलगायतले पनि कविता प्रस्तुत गर्नुभएको थियो । ड्यासमा आसीन अतिथिहरुले भानुभक्तको जीवनी तथा समसामयिक साहित्यमाथि प्रकाश पार्नुभएको थियो । गायिका कोपिला शिवाकोटी खरेलको लोकार्पण गरिएको एलबमको 'प्रिय तिम्रो यो न्यानो साथ' भन्ने गीत अत्यन्तै कर्णप्रिय र उत्कृष्ट भिजुअल रहेको टिप्पणी श्रोताहरुले गरेका थिए । कार्यक्रमको अन्त्यमा अतिथि तथा कविहरुलाई मायाको चिनो प्रदान गरी सम्मान गरिएको थियो । राधिका दाहालले सञ्चालन गर्नुभएको कार्यक्रमलाई रिता उप्रेतीले धन्यवाद ज्ञापन गर्दै बिट मार्नुभएको थियो ।

# कवितामा रोपाइँ विशेष



काठमाडौं । असार १५ धान दिवस बिशेष पारेर आयोजना गरिएको आरम्भको कवितामा रोपाइँ कार्यक्रममा कविहरुले गीत,गजल,मुक्तक र कविता प्रस्तुत गर्दै शब्दमा रोपाइँ गरे । कसैले असारे भाकाका लोक भाका घन्काए त कसैले प्रेममा भाका घन्काए । कसैले चुनावदेखि राजनीतिसम्मका बिकृतिलाई निसाना बनाउँदै आफ्नो भावनाहरु प्रस्तुत गरेका थिए । प्रेम ओली ढकलपुरेको अध्यक्षतामा भएको कार्यक्रममा चट्याङ मास्टर, पूर्व राजदुत प्रह्लाद प्रसाइँ, मनिराज सिंह र रामप्रसाद पन्त विशेष अतिथि थिए भने भर्खरै सम्पन्न राष्ट्रिय कविता महोत्सवमा प्रथम, द्वितीय, तृतीय हुने कविहरुलाई क्रमशः चन्द्र राणा, सुबास राई, दिपेन्द्र उपाध्याय, उर्मिला कोइराला आदिलाई सम्मान पनि गरिएको थियो । कविहरु चट्याङ मास्टर, प्रेम ओली ढकलपुरे, इन्दु अङ्शु, मनिराज सिंह, रुद्र अधिकारी, लक्ष्मी प्रसाइँ, द्वारिका कुइँकेल, उर्मिला पन्त, मोहनमणि पोखरेल, मुकुन्द न्यौपाने, गोपाल नेपाल, केरा अर्याल , केरा अर्याल, सुशीला खड्का हसिना, डा. बालचन्द्र मिश्र, प्रदीप मैनाली, लिलाधर पाण्डे, असिम सागर, तारा केसी, निर्मल पराजुली, रश्मी रिमालगायत तीन दर्जन कविहरुले आफ्ना सिर्जना सुनाएका थिए भने रघुनाथ अधिकारीले स्वागत मन्तव्य दिएका थिए ।

# किन भयो अरब क्रान्ति लथालिंग ?



**विष्णु भट्टराई**

ट्युनिसियाका एक श्रमजीवी युवा मोहम्मद वैआजिजीलाई बिना लाइसेन्स तरकारी बेचेको अभियोगमा १७ डिसेम्बर २०१० मा त्यहाँको प्रहरीले गिरफ्तार गर्‍यो । प्रहरी हिरासतबाट उनी मुक्त भए पनि उनमा 'इम्फेरिटी कम्प्लेक्स पैदा भयो । कुनै अपराध नगरे पनि प्रहरीले उनीमाथि अपराधीलाई गर्ने व्यवहार गरेकाले उनमा घोर नैराश्यता उत्पन्न भयो । श्रम गरेर जीविकोपार्जन गर्न समेत नपाउनु जस्तो अमानवीय व्यवहार सहनुभन्दा बरु धर्ती नै छोडनु बेस ठाने उनले । निराशा, ग्लानी र आक्रोशले उनलाई आत्मदाह गर्न प्रेरित गर्‍यो । एक्लो युवाले राज्यविरुद्ध विद्रोह गर्न सक्ने कुरा पनि थिएन । बैआजीजीले ४ फेब्रुअरी २०११ म आफ्नो शरीरमा आफैंले पेट्रोल खन्याए र आगो झोसे । त्यो पनि सरकारी कार्यालयहरुको सामुन्ने ।

बैआजिजीको आत्मदाहले ट्युनिसियालाई नै डढेलो लगायो । हजारौं हजार युवाहरु सरकारको विरुद्धमा सडकमा उत्रिए । सरकारी प्रहरी सेना अनि तिनका हतियारहरु जनशक्तिका अघि भुत्ते सावित भए । एक महिनाको भव्य जनसंघर्षले २३ वर्षसम्म निरंकुश शासन गरेका राष्ट्रपति जिन अल अविदिन अलीलाई ट्युनिसिया नै छोड्न बाध्य बनायो । उनी अरबमा शरण लिन पुगे । जनविद्रोहले निरंकुश शासन अलीलाई त लखेट्यो तर ट्युनिसियामा अहिले पनि राजनीतिक अस्थिरता कायम छ । जसरी ट्युनिसियाली जनताले निरंकुशता विरुद्ध र लोकतन्त्र बहालीका लागि उत्साहपूर्वक आन्दोलनमा भाग लिएका थिए अहिले त्यो उत्साह निराशामा परिणत भएको छ । राजनीतिक दलका नेताहरु देश र जनताप्रति जिम्मेवार देखिएनन् । दलीय स्वार्थ र सत्ता महत्वाकांक्षाभन्दा माथि उठ्न सकेनन् उनीहरु । ट्युनिसियामा अहिलेसम्म राजनीतिक संक्रमणकाल जारी छ । संक्रमणकाल अन्त्यहीन बन्दै जाँदा ट्युनिसियाको अर्थतन्त्र लगायत समग्र क्षेत्रमा समस्या उत्पन्न भएको छ । क्रान्तिपछि जुन लोकतान्त्रिक व्यवस्था सुशासन उत्पन्न र आर्थिक समृद्धिको जनताले कल्पना गरेका थिए त्यो पूरा हुन सकेन । दलहरुमा फराकिलो राजनीतिक संस्कार र विचारको कमी देखियो । संक्रमणकाललाई समाप्त गर्न र राजनीतिक गत्यावरोधलाई अन्त्य गर्न नसकेपछि अन्तरिम प्रधानमन्त्री हमदी जेवालीले राजीनामा दिनुपरेको छ । उनको राजीनामापछि ट्युनिसियामा क्रान्तिका उपलब्धिहरु संस्थागत हुन निकै कठिन देखिएको छ । जनताले चाहेअनुसारको काम अन्तरिम सरकारले गर्न सकेन । सभामुख फोड मेकजालाई अन्तरिम राष्ट्रपति र प्रधानमन्त्री मोहम्मद धानीचीकै नेतृत्वमा अन्तरिम सरकार विवादमा पर्‍यो । जनताको व्यापक विरोधपछि मोसेफ माजोउकी अन्तरिम राष्ट्रपति र हमादी जेवाली अन्तरिम प्रधानमन्त्री बनाइए ।

अन्तरिम सरकारले जनक्रान्तिका उपलब्धिहरु संस्थागत गर्न सकेन । संक्रमणकालको अन्त्य र जनआन्दोलनका उपलब्धिहरुको रक्षा गर्न नयाँ संविधान निर्माण गर्न आवश्यक थियो तर अन्तरिम सरकारले संविधान निर्माणतर्फ कुनै पहलकदमी लिन सकेन । साउदी अरबमा शरण लिन बसेका भगौडा राष्ट्रपति अली र उनको परिवारलाई स्वदेश फिर्ता गराएर कारबाही गर्न जनताले माग गरे पनि अन्तरिम सरकारले यो जनचाहनालाई पूरा गर्न गम्भीर्यता देखाएन । अली अरबमा ऐयासी जीवन बिताइरहेका छन् । उनीमाथि ५ अर्ब डलर भ्रष्टाचार गरेको अभियोग छ । अलीले भ्रष्टाचार गरेको राज्यकोषको रकम फिर्ता ल्याउन सरकारले पहल नगरेपछि जनतामा आक्रोश बढ्न थालेको छ ।

जीवनको बलिदान दिन तयार रहँदै जसरी जनता अली निरंकुश शासनको विरोधमा क्रान्तिमा होमिएका थिए आज उनीहरुले कुनै राहतको प्याकेज समेत पाउन सकेका छैनन् । बढिरहेको राजनीतिक अस्थिरता र लम्बिँदो संकटकालले ट्युनिसियाको भविष्यमाथि नै काला बादलहरु मडारिन थालेका छन् ।

ट्युनिसियामा उठेको निरंकुशता विरुद्धको आन्दोलनको लहरले इजिप्टलाई पनि गाँजेर छोड्यो । राष्ट्रपति होस्नी मुबारकको निरंकुश र अधिनायकवादी शासनका विरुद्ध इजिप्टसियनहरु अरिंगालको गोलोझैं खनिए । आन्दोलनकारीहरुमाथि सरकारी दमन सुरु भयो । इजिप्टमा पनि आन्दोलनको अग्रपंक्तिमा युवाहरु नै देखिए । युवा आक्रोशलाई दमनले मत्थर पार्ने सरकारी योजना तासको महलजस्तै भताभुंग भयो । तीस वर्षसम्म अनवरत रुपमा एकछत्र शासन चलाएका राष्ट्रपति









होस्नी मुवारकले सत्ताबाट बहिर्गमन हुनुपर्‍यो । सेनालाई सत्ता सुम्पिँदै उनले राष्ट्रपति निवास छोडे । आन्दोलनअघि इजिप्ट शान्त र समृद्ध राष्ट्र थियो । अरब जगतमा कुनै विवाद वा झगडा हुँदा इजिप्टलाई मध्यस्थताका लागि गुहारिन्थ्यो । तर इजिप्ट क्रान्तिपछि अहिले न शान्त छ न समृद्ध । मुस्लिम अतिवादीहरुको दबदबा बढेको छ । हिंसाका घटनाहरु सामान्य हुन थालेका छन् । मुवारकको बहिर्गमनसँगै इजिप्टमा राजनीतिक अस्थिरता उत्पन्न भएको छ । क्रान्तिपछि इजिप्टमा निर्वाचन समेत भयो । मुस्लिम ब्रदरहुडका चर्चित नेता मोहम्मद मोर्सी राष्ट्रपति पदमा निर्वाचित भए । निर्वाचित राष्ट्रपतिलाई इजिप्टको शक्तिशाली सेनाले सत्ता सहज रुपमै हस्तान्तरण गर्‍यो । राष्ट्रपति मोर्सीले सेना र विपक्षी दलहरुको सल्लाहबिना नै विघटित संसदको पुनःस्थापनाको घोषणा गरे । यस घोषणासँगै सेना आक्रोशित भयो भने विपक्षीहरुले संसद बहिष्कार गरे । पुनःस्थापनाको मुद्दा न्यायालयमा थुरियो । न्यायालयले पनि आफ्नो भूमिका खोज्न थाल्यो । राजनीतिमा एकपटक आएर सत्ताको स्वाद लिइसकेको सेना पनि आफ्नो वर्चस्व गुमेकोमा हैरान थियो ।

मोर्सीले न्यायालय र सेना दुवैको असहयोगको सामना गर्नुपर्‍यो । राष्ट्रपति मोर्सीले पनि निरंकुश र अधिनायकवादी बाटो रोजेको इजिप्टबासीहरुले आरोप लगाए । संविधानलाई संशोधन गरी राष्ट्रपतिलाई अझ शक्तिशाली बनाउने उनले जमर्को गरेपछि उनी विरुद्ध नै जनता सडकमा उत्रिनु पर्‍यो । मोर्सी शासनकालमा मुस्लिम अतिवादीहरु सशक्त बन्ने खतरा उत्पन्न भयो । मुस्लिम अतिवादीहरु र सेनाको चपेटामा जनता परे । इजिप्टमा पछिल्लो समयमा जातीय दंगा भड्कियो । जातीय दंगा चर्किंदै गएपछि त्यहाँ संकटकाल लगाइयो । सेना फेरि ब्यारेक बाहिर आयो । सत्ताको मस्तीमा एकपटक रमाइसकेको सेना फेरि राजनीतिमा हावी भयो । राष्ट्रपति मोर्सी सेनाद्वारा कु गरिए । सेनाले शासनको बागडोर समात्यो । अहिले चुनावको नाटक गरेर सेनाका प्रमुख सीसी इजिप्टका राष्ट्रपति बनेका छन् । मोर्सीलाई जेल हालियो । उनलाई भर्खरमात्र जेलमुक्त गरिएको छ । ब्रदरहुडको पकड कमजोर भएको छ भने इजिप्टमा सैनिक शासन चलिरहेको छ । अर्कोतर्फ मुस्लिम कट्टरपन्थीहरुले चलाएको जातीय आन्दोलनले इजिप्ट बेहाल अवस्थामा पुगेको छ । राजनीतिक अस्थिरता बढ्दो छ । क्रान्तिको उपलब्धि केवल मुवारकको बहिर्गमन मात्र बनेको छ । अरब क्रान्ति गर्ने अर्को मुलुक हो लिविया । २७ वर्षकै उमेरमा कर्णेल गद्दाफीले सैनिक विद्रोह गरेर सत्ता आफ्नो हातमा लिएका थिए । उनले ४२ वर्षसम्म निरंकुश शासन चलाए । राष्ट्रपति गद्दाफीको निरंकुश र अधिनायकवादी शासनका विरुद्ध लिबियाली जनताले विद्रोह सुरु गरे । हठी स्वभावका कर्णेल गद्दाफीले सहजै सत्ता छोड्न मानेनन् । उनकै हठका कारण लिबियामा विदेशी हस्तक्षेप हुन थाल्यो । विद्रोहीहरुलाई सघाउने नाममा पश्चिमा साम्राज्यवादी मुलुकहरुले लिबियामा सेना उतारे । यदि गद्दाफीले जनमागलाई बुझेर आफैं सत्ताबाट बहिर्गमन भइदिएका भए लिबियामा विदेशी हस्तक्षेप हुन पाउने थिएन ।

४२ वर्षे आफ्नो शासन कालमा गद्दाफीले लिबियालाई निर्धन मुलुकबाट समृद्ध मुलुक त बनाए तर जनतालाई दासका रुपमा कज्याएका थिए । अरब दुनियाँमा अमेरिका विरोधीका रुपमा चिनिएका गद्दाफीले लिबियाको कच्चातेल र ग्यासमा अमेरिकी बहुराष्ट्रिय कम्पनीहरुलाई हालीमुहाली गर्न दिएनन् । उनले लिबियाली जनतालाई धनी बनाए. तर स्वतन्त्रता दिएनन् । जनता सुनको सिक्रीले बाँधिएर रहन किन चाहन्थे र ? लिबियाली जनताका नैसर्गिक र मौलिक हक समेत खोसेर नव तानाशाह बनेका गद्दाफी विरुद्ध उत्रन लिबियालीहरुलाई इजिप्ट आन्दोलनले प्रेरित गर्‍यो । सह जस्तै गद्दाफी शासनका विरुद्ध लिबियाली जनता सडकमा उत्रिए ।

अर्कोतर्फ विदेशी सेनाले पनि गद्दाफीलाई नै निशाना बनायो । आखिर गद्दाफीले राष्ट्रपति बन्नबाट भाग्नुपर्‍यो । हिमपाइपभित्र लुकेका गद्दाफीलाई आन्दोलनकारीहरुले फेला पारिछोडे । गोरु चुटाइ गरे उनीमाथि । तेजस्वी बलवान र अग्ला कदका गद्दाफी जनमुक्का सहन नसकी आँखा चिम्लिन पुगे । गद्दाफी युगको सदालाई अन्त्य भयो । भुस्याहा कुकुरकै मृत्यु वरण गरे उनले । समयमै सत्ता त्यागिदिएका भए वा निर्वासनतिर लागेका भए उनको त्यो दुर्गति सायद हुने थिएन । घमण्डी र हठी स्वभाव नै उनको मृत्युको कारण बन्यो । गद्दाफीको पतन पछाडि पनि लिबियामा लोकतन्त्र स्थापना हुन सकेन । सधैं निरंकुश शासनमा बिताएका त्यहाँका नेताहरुले लोकतन्त्रको अभ्यास गर्न अहिलेसम्म सकेका छैनन् । न त जनताले लोकतान्त्रिक शासनको अनुभूत गर्न पाएकै छन् । आन्दोलनका उपलब्धिहरु लथालिंग अवस्थामा छन् र लिबियामा विदेशी हस्तक्षेप हुन सक्ने सम्भावना बढ्दै गएको छ । लोकतन्त्रको न्यूनतम अभ्यास समेत गर्न नपाएका जनताका अघि लोकतन्त्र नै चुनौती बनेको छ । लोकतन्त्रलाई संस्थागत गर्न सक्ने नेतृत्वको विकास हुन नसकेकाले लिबियाली जनक्रान्तिको उपादेयतामाथि नै प्रश्न खडा भएको छ ।

अरब क्रान्ति गर्ने अर्को मुलुक यमनको पनि अवस्था नाजुक छ । यमनमा अली अब्ललाह सलेहले पनि विदेशी शक्तिलाई रिझाएर जनतामाथि निरंकुश शासन लादेका थिए । तीन दशकसम्म यमनी जनताले निरंकुश र अधिनायकवादी शासनको दुष्चक्र सहे । लिबियाली क्रान्तिले यमनी जनतालाई पनि निरंकुशताविरुद्ध जुर्मुराउन प्रेरित गर्‍यो । यमनी जनता जागे । राष्ट्रपति सलहे भागे । उनी अहिले अमेरिकामा निर्वासित जीवन बिताइरहेका छन् । जनविद्रोहले सलेह निरंकुश शासनलाई त ढाल्यो तर अहिले पनि त्यहाँ राजनीतिक स्थिरता कायम हुन सकेको छैन । जनक्रान्तिका उपलब्धिहरुलाई संस्थागत गर्न त परै जाओस् दलहरु सत्ताकै लुछाचुँडीमा छन् । जनता र यमनको सर्वोपरी ठानेर काम गर्ने नेताको खडेरी परेको छ त्यहाँ । अरब क्रान्तिबाट प्रभावित भएर आन्दोलनमा उत्रिएका सिरियाली क्रान्तिकारीहरुको आन्दोलन पनि समयसँगै शिथिल बन्दै जाँदैछ । सिरियामा अहिले पनि गृहयुद्ध जारी छ । पछिल्लो समयमा अमेरिकाले त्यहाँ बम बर्साउन थालेको छ । सिरियाकै कारण रुस र अमेरिकाको सम्बन्ध पनि सुमधुर बन्न सकेको छैन । राष्ट्रपति असादले आन्दोलनकारीहरुमाथि रासायनिक हमला गर्ने तयारी गरिरहेको भन्दै अमेरिकाले असद सत्तालाई च्युत गर्ने बताइरहेको छ । आधा दशकदेखि सिरिया अझै अशान्त छ । समृद्ध र ऐतिहासिक धरोहरको नमुना मानिने सिरिया अहिले खण्डहरमा परिणत हुँदैछ ।

*(एजेन्सीहरुबाट)*

## रोचक संसार

### लिङ्ग उठाउन २३ लाख



नर्वेली जनताले लिंगको मर्मत गरी पुनः उठाउन भन्दै २० हजार युरो रकम संकलन गरेका छन् । नर्वेको रोगल्याण्डमा रहेको चर्चित ट्रोल पिकेन अर्थात् लिंगे ढुंगालाई केही उछृंखल व्यक्तिहरुले प्वाल पारेर ढालेपछि उक्त लिंग आकारको ढुंगालाई पुनः ठड्याउनका लागि रकम संकलन गर्ने अभियान सुरु भएको थियो । लिंग आकारको उक्त विशाल ढुंगा हालै कसैले ड्रिल गरेर ढालेको अवस्थामा फेला परेको थियो । ढुंगोलाई कसले फेदबाटै काटेर ढाल्यो भन्नेचाहिँ पत्ता लागेको छैन र अधिकारीहरुले यसको अनुसन्धान सुरु गरेका छन् । उता उक्त लिंगे ढुंगाको मर्मत गरी पुनः ठड्याउने र त्यसलाई पर्यटकीय स्थलको रुपमा स्थापित गर्ने लक्ष्य अभियानकर्मीहरुको छ ।

### गाउँका घरघरमा जहाज

गाउँका हरेक घरमा हवाइ जहाज हुँदो हो त गाउँ कति धनी हुँदो हो ? गाउँ धनी होस् नहोस् त्यो आफ्नो ठाउँमा छ तर भारतको एउटा गाउँमा चाहीँ हरेक घरमा हवाई जहाज छन् ।

भारतको पञ्जावमा रहेको जालन्धरस्थित लाबडा गाउँका हरेक घरमा हवाई जहाज छन् । हरेक घरधुरी हवाई जहाजका धनी चाहीँ होइनन् । वास्तवमा हरेक घरको छतमा हवाई जहाजका नमूनाहरु ठडाइएका छन् ।

यो गाउँमा भारतीय वायुसेवाको एक कार्यालय समेत छ त्यसैले एयर इण्डिया लेखिएका जहाज आकारका कोठाहरु



हरेक घरको छतमाथि बनाइएको छ ।

जालन्धरमा मात्र होइन उप्पला गाउँमा पनि यस्तै छत छतमा हवाई जहाज ठडाइएको छ । छतमा हुने जहाजका कारण गाउँको नाम नै जहाज गाउँ रहन गएको छ । छतका जहाजहरु गाउँमा आकर्षणका केन्द्र बनिरहेका छन् । छतमा जहाजको आकारमा ठड्याइएका संरचनामा कतिपयले कोठाहरु निकालेका छन् भने कतिपय जहाजले त पानी ट्यांकीको काम गरेका छन् ।

### १७ सेकेण्डमा ५० अण्डा झ्वाम

अहिले इन्टरनेटमा चर्चित हुने सबैभन्दा राम्रो काइदा भनेको अनौठो तथा अरुले नगरेको काम गर्नु हो । मानिसहरुले यस्तै अजिब हरकत गरिरहेको पाइन्छ इन्टरनेटको दुनियामा ।

कसैले अनौठो तरिकाले गीत गाउँछन् त कतिले खतरनाक स्टन्ट गर्दछन् । इन्टरनेटमा भिडियो भाइरल बनाउनु भनेको कमाई गर्ने स्मार्ट तरिका पनि भएको हुँदा मानिसहरु यस्तो गरिर हेछन् ।

यही मेलोमा युट्युबमा पछिल्लो समय एउटा भिडियो भाइरल भइरहेको छ । उक्त भिडियोमा चीनका एकजना मानिसले केवल १७ सेकेण्डको समयमा ५० वडा अण्डा खाएका छन् ।



३४ सेकेण्डको उक्त भिडियोमा एक पुरुष ५ वटा मग लिएर बसिरहेका छन् । ती मगमा अण्डा फुटाएर भित्रको भाग राखिएको हुन्छ । ५ वटा मगमा १० वटाको दरले ५० वटा अण्डा राखिएको छ । ती पाँच वटा मगमा भरिएका अण्डालाई ती व्यक्तिले केवल १७ सेकेण्डमा सिनित्तै पिइदिन्छन् ।

### खतरनाक खण्डहर

भारतको राजधानी दिल्लीभन्दा ३ सय किलोमिटर टाढा राजस्थानको अलवरमा एउटा पुरानो किल्ला छ । यो किल्ला अहिले भग्नावशेषको रुपमा रहेको छ । यो खण्डहरु कुनै समयमा भने एक भव्य तथा मानिहरुले भरिएको क्षेत्र थियो ।

यो इलाकामा सोमेश्वर, हनुमान, कृष्ण, देवी आदीका दर्जनौं मन्दिर रहेका छन् । भगवानै भगवानको बीचमा रहेको यो ठाउँ चाहीँ भुताहा ठाउँको नामले चर्चित छ । यो ठाउँमा कुनैपनि भवनका छत छैनन् । तर अनौठो के भने सबै मन्दिर चुस्त अवस्थामा छन् ।

यो ठाउँलाई श्राप पर्नाले भुताहा ठाउँ भनेको विश्वास छ । यस ठाउँमा महल भएको स्थानमा महिला गुरु बालुनाथ बस्थे । उनले उक्त महल बनाउने बेलामा आफ्नो ध्यान भंग गर्ने भएकाले त्यहाँ कुनै महल नबनाउन चेतावनी दिएका थिए । यदि आफ्नो ध्यान भंग गरेमा सारा सहर ध्वस्त हुने चेतावनी उनको थियो । तर उनको कुरालाई कसैले ध्यान दिएन र त्यहाँ भवनहरु बनाए । जसका कारण गुरुले श्राप दिए र रातारात त्यस ठाउँ विरानो बन्यो ।

उक्त ठाउँलाई एक तान्त्रिकले पनि श्राप दिएका कारण एकाएक ध्वस्त भएर खण्डहरमा परिणत भएको विश्वास गरिन्छ । उक्त तान्त्रिकले त्यस किल्लामा रहेका कुनैप्नि मानिसले पुनर्जन्म लिन नपाउन् भन्ने श्राप दिएको थियो । सोही कारण त्यस क्षेत्रमा अकालमा मृत्यु भएका मानिसहरुको आत्माले मुक्ति



पाएन र पुनर्जन्म समेत नपाउँदा धेरै कैयन् मृतात्माहरु अहिले पनि भट्किरहेको विश्वास गरिन्छ ।

यो ठाउँमा साँझ पर्ने बित्तिकै मानिसहरु जान डराउँछन् । सरकारी अधिकारीले पनि त्यहाँ रातको समयमा जान निषेध गरेको छ । उक्त ठाउँमा रात बिताउने मानिस कोहीपनि ज्यूँदै नफर्किएको स्थानीयहरु बताउँछन् । फर्किएर आएका मानिसहरु पनि मानसिक रुप्मा विक्षिप्त बनेको बताइन्छ ।

### कुकुरलाई स्कुलको जागिर



बेलायतमा एउटा स्कुलले कुकुरलाई कर्मचारीको रुपमा भर्ना गरेको छ । शोला नामको उक्त कुकुरले फूल टाइम जब पाएको हो । उक्त कर्मचारी कुकुर हरेक बिहान स्टाफ बैठकमा सहभागी हुन्छ र त्यसपछि विद्यार्थीहरुसँग भेटघाट गर्दछ । परीक्षाको बेला विद्यार्थीहरुको तनाव कम गर्नु यो कुकुरको जागिरको मुख्य काम हो । यो कुकुरमा आत्तिएका वा समस्यामा परेका मानिसहरुलाई पहिचान गर्न सक्ने क्षमता रहेको बताइन्छ । स्कुलमा प्रधानाध्यापकका अनुसार शोलाले आफ्नो काम दक्षतापूर्वक गर्दै आएको छ । उनका अनुसार एकजना छात्रा परीक्षा अगाडि निकै डराएकी थिइन् र परीक्षाहलमा समेत बस्न चाहँदैनथिन् । तर शोलासँग भेटघाट गरिसकेपछि ती छात्राको तनाव कम भयो र खुसीसाथ परीक्षा दिइन् ।

### घरको छतमाथि सडक छ



चीनको चोंगक्विङ सहरमा एक पाँचतले घरको तस्वीर सोसल मिडियामा भाइरल भएको छ अहिले । यो भवनको छतमाथि गाडी गुड्ने सडक छ र छतबाटै गाडीहरु हुइँकिन्छन् ।

यो भवनको छतमा दुई लेनको सडक रहेको छ र यतिमात्र होइन घरको छतमै फुटपाथ पनि छ र रुखबिरुवा पनि छन् सडक किनारामा ।


भवनको भुइँतालामा विभिन्न पसलहरु छन् भने केही अन्य तलाहरुमा कार पार्किङ रहेको छ ।

चीनमा जे पनि सम्भव छ भन्ने कुरा यो छते सडकले देखाएको भन्दै सोसल मिडियामा यसको खुबै चर्चा भैरहेको छ ।

***एजेन्सीहरुबाट***

प्रेरक

## कलाप र उपहार



भारतका पूर्व राष्ट्रपति अब्दुल जे कलाम एक होनहार वैज्ञानिक पनि हुन् । उनको वैज्ञानिक खोज अनुसन्धान र परीक्षणको कदर गर्दै तत्कालीन प्रधानमन्त्री इन्दिरा गान्धीले उनलाई दिल्ली बोलाइन् र आवासको प्रबन्ध साथै वैज्ञानिक खोज अनुसन्धानमा सहयोग गरिदिइन् । पछि भारतीय जनता पार्टीले अब्दुललाई राष्ट्रपति बनायो । जतिबेला भाजपाले उनको नाम राष्ट्रपतिमा प्रस्ताव गऱ्यो, मुस्लिम समुदाय उनको विपक्षमा देखियो । मुस्लिम राष्ट्रपति भए पनि उनले हिन्दुकै पक्षमा काम गर्ने सोचाइ मुस्लिम समुदायको थियो । तर उनी राष्ट्रपति भएपछि उनले आफू मुसलमान भएकै बिर्सिए ।

जातीय र साम्प्रदायिक भावनाभन्दा टाढा थिए उनी । साधारण लवजमा रहने कालम चप्पल लगाएर हिँड्थे । जब राष्ट्रपतिको शपथग्रहणमा जानुपर्ने भयो उनका एकजना मित्रले उनलाई नयाँ कपडा किनिदिएका थिए । आफ्नो राष्ट्रपति शासनकाललाई विवाद मुक्त बनाए उनले । जब आफ्नो पदावधि समाप्त भयो उनी राष्ट्रपति निवासबाट निस्कन लाग्दै थिए । राष्ट्रपति रहुन्जेल उनले अन्तर ाष्ट्रिय स्तरबाट र जनसाधारणबाट समेत कैयौं उपहारहरू पाएका थिए । ती उपहारहरू उनले लान सक्थे । मानिसहरूले सोचेका थिए कालमले ट्रकमै हालेर निजी उपहार र सामान निकाल्ने छन् । तर उनले निस्कने बेलामा एउटा ब्याग झुन्ड्याएर राष्ट्रपति भवन बाहिर निस्के । त्यो ब्यागमा उनले पढ्ने किताबहरू मात्र थिए ।

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष

समस्याप्रति गम्भीर नबन्दा दुःख पाइनेछ । कामको चाप बढ्नेछ भने शरीरमा कमजोरी तथा आलस्य अनुभूति हुनेछ । सामान्य काममा धन र श्रम खर्चनुपर्ला । स्वास्थ्यका लागि व्यायाम तथा आहारविहारमा ध्यान पुर्याउनुहोला । गोपनीयता बाहिरिनाले समस्या पर्न सक्छ । आफ्नो वस्तुमा अरूले दाबी गर्लान् । दोहोऱ्याएर प्रयत्न गर्दा बिग्रिएको काम सच्याउन सकिनेछ ।

### बृष

नजिकाकासँग असमझदारी बढ्नाले काममा बाधा हुनेछ । बलजफ्ती गर्दा पुरानो सम्झौता भंग हुन सक्छ । आफ्नै अहंकारले आत्मसम्मानमा आघात पुर्याउन सक्छ । पतिपत्नीमा अविश्वास बढ्ने सम्भावना छ । तापनि मिहिनेत गर्दा सामान्य आम्दानी भइरहनेछ । व्यवसायमा नाफा-घाटा बराबरी हुनेछ । वादविवादमा अघि नबढ्नुहोला । शुभचिन्तकहरूको साथ दिनेछन् ।

### मिथुन

आहारविहारमा ध्यान पुऱ्याउनुहोला । परिस्थितिवश आँटेका काम रोकिन सक्छन् । सोखले फजुल खर्च बढाउन सक्छ । प्रतिस्पर्धीहरूबाट सजग रहनुपर्ला । योजना सम्बन्धी गोपनीयतामा ध्यान पुऱ्याउनुहोला । लामो यात्रा व्यवस्थापन गर्न खर्च बढ्नेछ । मिहिनेत गर्दा व्यवसायमा फाइदा उठाउन सकिनेछ । अधिकारका लागि भने संघर्षमा जुट्नुपर्ला ।

### कर्कट

प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ । लगनशीलताले परिस्थितिलाई बदल्न सक्छ । अध्ययनमा राम्रो उपलब्धि प्राप्त हुनेछ । बौद्धिक प्रतिस्पर्धामा विजयी भइनेछ । थोरै भए पनि दिगो लाभ हुने काम प्रारम्भ हुनेछ । प्रतिष्ठित काम गर्दै फाइदाको स्रोत पहिल्याउन सकिनेछ । गुरुजनको सुझाव र सन्तानको सहयोग लाभदायी बन्नेछ । यात्रा गर्ने अवसर जुट्न सक्छ ।

### सिंह

घरेलु समस्याले सताए पनि सामाजिक कार्यले हौसला प्रदान गर्नेछ । समस्या दर्साएर पनि सहयोगीहरू फेला पार्न सकिनेछ । परिवारमा आमाको सहयोगबाट विशेष फाइदा मिल्नेछ । आफन्तको साथ जुट्नेछ । सम्झौताले उत्साह जगाउनेछ भने बुद्धिको उपयोगले लक्ष्य प्राप्त गर्न सकिनेछ । तर बेसुरमा निर्णय लिने बानीले अप्ठ्यारो पार्ने हुँदा सजग रहनुहोला ।

### कन्या

समयमा सजग नबन्दा शुभचिन्तकहरू टाढिन सक्छन् । परिस्थितिसँग सम्झौता गर्नुपरे पनि बुद्धि लगाउँदा लक्ष्य पहिल्याउन सकिनेछ । उद्योग र कृषिमा केही समस्या देखापर्न सक्छन् । तापनि समयमा गरिएका कर्मको उचित प्रतिफल पाइनेछ । मिहिनेतले उत्साह जगाउनेछ भने व्यापारमा पनि फाइदै हुनेछ । काम पूरा नभए पनि आंशिक सफलता मिल्नेछ ।

### तुला

विचारले धेरैलाई आकर्षण गर्ने समय छ । प्रशंसकहरू बढ्नेछन् । सहयोगीहरूले काममा साथ दिनेछन् । राम्रै फाइदाको योग छ । विगतको श्रमबाट प्रशस्त धन लाभ हुनेछ । मान-सम्मान पाइनेछ । बोलीको भरमा चिताएको काम सम्पादन हुन सक्छ । रोकिएका काम सम्पादन हुनेछन् । अध्ययनमा प्रगति हुनेछ । विशेष समारोहमा सहभागी बन्ने मौका मिल्न सक्छ ।

### बृश्चिक

सहयोगीहरूले राम्रो साथ दिनेछन् भने पहिलेको सफलताले पनि थप काम गर्न हौसला प्रदान गर्नेछ । बिछोडिएका परिवारजनसँग भेटघाट हुनेछ । रमाइलो जमघटका बीच स्वादिष्ट भोजनको आनन्द प्राप्त होला । प्रतिष्ठित काम गर्दै नाम र दाम कमाउने बेला छ । नयाँ तथा रचनात्मक काम प्रारम्भ गर्ने समय छ । विगतका कमीकमजोरीलाई पनि सुधार गर्ने मौका छ । काम गर्दा ध्यान पुऱ्याउनु होला ।

### धनु

छर-छिमेकमा केही असमझदारी देखिए पनि टाढाका साथीभाइसँग आत्मीयता बढ्नेछ । अवसरको खोजीमा केही दौडधुप गर्नुपर्ला । खर्च लागे पनि दिगो फाइदा हुने काम प्रारम्भ हुनेछ । पहिलेका चुनौतीहरू पन्छाउँदै रोकिएका काम बनाउन सकिनेछ । यात्रा गर्ने प्रक्रिया अघि बढ्न सक्छ । प्रतिस्पर्धीहरूले हार खानेछन् भने वैदेशिक क्षेत्रबाट लाभ मिल्न सक्छ ।

### मकर

आयआर्जनका स्रोत बढ्नेछन् र सामान्य फाइदा पनि हुनेछ । तर सरसापटमा धन बाहिरिने समय छ । श्रमको मूल्यांकन भए पनि प्रतिफल तत्कालै नपाइएला । लाभांश बाहिरिनाले अर्थअभाव देखा पर्नेछ । भैपरी आउने समस्याले पनि चिन्ता बढाउन सक्छ । आफ्ना कामबाट अरूले फाइदा उठाउने चेष्टा गर्नेछन् । तापनि दिगो काममा लगानी गर्ने मौका जुट्नेछ ।

### कुम्भ

अवसर आए पनि नयाँ काममा हात हाल्नुअघि राम्ररी विचार पुर्याउनुहोला । आफ्नो प्रतिफलमाथि अरूले दाबी गर्ने हुँदा सजग रहनुहोला । लगनशीलताले भविष्यका लागि विशेष काममा जग बसाउने मौका दिलाउनेछ । श्रमको पूरा मूल्य प्राप्त नभए पनि उपलब्धिको स्रोत पहिल्याउन सकिनेछ । प्रयत्न गर्दा कीर्तिमानी काम प्रारम्भ हुनेछ र आंशिक फाइदा पनि हुनेछ ।

### मीन

गुमेको स्थान प्राप्त हुनुका साथै समाजमा आफ्नो वर्चस्व बढ्नेछ । व्यवसायमा पनि प्रशस्तै लाभ हुनेछ । रोकिएका काममा दोहोर्याएर प्रयत्न गर्नुहोला । धर्मकर्म तथा परोपकारी काममा प्रवृत्त भइएला । मिहिनेतले जीवनशैलीमा परिवर्तन ल्याउनेछ । भविष्यका लागि विशेष काममा जग बसाउन सकिनेछ । भौतिक साधन जुट्नेछन् ।

## "सिग्नेचर" को ग्लोबल क्याम्पेन

वास्तविक घट्नामा आधारित भएर निर्माण भएको फिल्म 'सिग्नेचर' ले सकारात्मक सोचका लागि एक दिने अभियान सञ्चालन गर्ने भएको छ । सोच नै सबै समस्याको जड भएको भन्दै फिल्मले 'सिग्नेचर मुभि थिंक पोजेटिभ ग्लोबल' अभियानको आयोजना गर्न लागेको हो । सभ्य सिर्जनाको प्रस्तुति, स्कुल फाउन्डेसनको आयोजना र एएचएफको सहयोगमा हुन लागेको अभियान यही असार २४ गते, शनिबार बिहान ११ बजेदेखि ५ बजेसम्म, नेपाल प्रज्ञा प्रतिष्ठानमा हुँदैछ । अर्किड केयर होमको प्रमुख सहकार्यमा सञ्चालन हुने उक्त कार्यक्रमलाई रेड सर्कल क्रिएटिभ सोल्युसन्सले व्यवस्थापन गर्ने छ । फिल्म सिग्नेचरले व्यक्तिको वास्तविक जीवनलाई विषयवस्तु बनाएको छ । ओस्कार इन्टरनेसनल कलेज (कलेज अफ फिल्म स्टडिज)का अध्यक्ष सागर उद्गमको अनुसन्धान, लेखन, निर्देशनमा बनेको फिल्म सिग्नेचरलाई गीतकार प्रकाश सुवेदी र सागर उद्गमले निर्माण गरेका हुन् । फिल्ममा विनोद पौडेल, सन्दिप क्षेत्री, जीवनसाथी बस्नेत, नम्रता सापकोटा, निर्णय श्रेष्ठ, सरिता गिरीको अभिनय रहेको छ भने । फिल्ममा छायाङकन पुरुषोत्तम प्रधान, धिरजजंग शाह, शिवराम श्रेष्ठ र नवराज सुवेदीको रहेको छ ।

## निर्देशक निलु रहिनन्



'हाउ फन्नी' चलचित्रका निर्देशक निलु डोमा शेर्पाको मंगलबार अन्त्येष्टि गरिएको छ । काठमाडौंको स्वयम्भु आर्यघाटमा उनको पार्थिव शरीरलाई अन्त्येष्टि गरिएको हो । निलुको पार्थिव शरीरलाई श्रद्धाञ्जली दिनका लागि दर्जनौं चलचित्रकर्मीहरु स्वयम्भु आर्यघाट पुगेका थिए । निलुको पार्थिव शरीरमा अन्तिम श्रद्धाञ्जली दिंदा कलाकार, निर्माता, निर्देशक, पत्रकारहरुको आँखा रसाएका थिए । रेखा थापा, निशा अधिकारी, दीपाश्री निरौला, आयुष्मान देशराज श्रेष्ठ, आकाश अधिकारी, माला लिम्बु लगायतले निलुलाई अन्तिम श्रद्धाञ्जली दिएका थिए । उनको गत शनिबार हार्ट अट्याकका कारण निधन भएको थियो । उनले निर्देशन गरेको फिल्म 'हाउ फन्नी' गत वर्ष रिलिज भएको थियो । यसले व्यावसायिक सफलता हात नपारे पनि गीत-संगीत भने अझै पनि चर्चामा छन् । हालैमा फिल्म 'हाउ फन्नी' को 'शिरैमा शिरबन्दी' बोलको गीतलाई युट्युबमा करोडभन्दा बढी पटक हेरिएको छ । सरल स्वभावकी निलु डोमा शेर्पाको निधनले नेपाली फिल्म क्षेत्र स्तब्ध भएको छ । प्राप्त जानकारी अनुसार, निलु लामो समयदेखि अस्वस्थ थिइन् । निधनको उघिल्लो दिन शुक्रबार उनी नायिका नीशा अधिकारीको विवाहमा पनि सहभागी भएकी थिइन् । उनले फिल्म 'सुनगाभा' मा मुख्य सहायक निर्देशकको रुपमा पनि काम गरेकी थिइन् भने फिल्म 'पुन्टे परेड' मा मुख्य भूमिका समेत निर्वाह गरेकी थिइन् ।

## कँडेलको गीति एल्बम

गायक युवराज कँडेलको पहिलो गीति एल्बम सार्वजनिक गरिएको छ । निकै मीठो स्वरका धनि गायक कंडेलको स्वर मा रहेको 'आज भोलि' बोलको गीतको म्युजिक भिडियो सार्वजनिक भएको छ । सुमन प्याकुरेल संगीत तथा सुमन कार्कीको शब्द रहेको यस गीतमा निरञ्जन प्रधान र सम्पदा बानियाँले अभिनय गरेका छन् । गीतमा बालकलाकार सगुन केसी र देवको समेत अभिनय रहेको छ। भिडियोमा अहिलेको समाजमा हुने गरेको वास्तविक घटना देखाउन खोजिएको छ । आफ्नै श्रीमती आफ्नै साथी सग लाग्दाको पिडा यस भिडियोमार्फत देखाउन खोजिएको छ । यस भिडियोलाई निकै नै उत्कृष्ट तरिकाले गायक तथा निर्देशक सशान कँडेलले निर्देशन गरेका छन् । भिडियोमा छायांकन अर्जुन तिवारीको रहेको छ भने सम्पादन निशान घिमिरेको रहेको छ ।

## गीतको भिडियो सार्वजनिक

असार ३० गतेबाट प्रदर्शनको तयारीमा रहेको चलचित्र 'म यस्तो गीत गाउँछु' को तेस्रो गीतको भिडियो सार्वजनिक भएको छ । 'म यस्तो गीत गाउँछु' बोलको शीर्ष गीतमा पल र पुजालाई नै फिचरिङ गरिएको छ । उनीहरु दुवैलाई गीतको भिडियोमा निराश मुद्रामा देखिएको छ । प्रमोद खरेल र अञ्जु पन्तको स्वरमा रहेको गीतमा चर्चित संगीतकार अर्जुन पोखरेलको संगीत रहेको छ । गीतमा देखिएका निकै मनमोहक र लोभलाग्दो दृश्यहरु संजय लामाले खिचेका हुन् । भिडियोलाई कविराज गहतराजले कोरियोग्राफ गरेका हुन् भने गीतको शब्द दिग्गज धौरलीले लेखेका हुन् । सुदर्शन थापा प्रोडक्सननको प्रस्तुतीमा बनेको फिल्ममा स्वयं निर्देश सुदर्शन थापा र नायिका पुजा शर्माको लगानी रहेको छ । चलचित्रमा पल शाह, पुजा शर्मा, सरोज खनाल, रुपा राणा, राजाराम पौडेल, मोहन निरौला, नविन मानन्धर लगायतका कलाकारहरुको अभिनय रहेको छ ।

## "प्रेमगीत २" को गीत चर्चामा

प्रतीक्षित सिनेमा प्रेमगीत २ को गीत मोटरसाइकललाई देशमा निकै रुचाइयो । सार्वजनिक यातायात, रेडियो, क्लब, डिस्कोथेकदेखि पर्यटकीय थलोमा गीत घन्काउने र सुनाउने धेरै भेटिए । एलिस कार्कीद्वारा संगीतबद्ध गीतमा अब चर्चित युट्युवर समूह कार्टुन्ज क्रिउ र मुख्य अभिनेत्री अश्लेषा ठकुरीले अभिनय गरेका छन् । प्रतास दास र इन्दिरा जोशीको स्वरमा उक्त नृत्य समूहका कलाकारले आकर्षक डान्स पस्किएका छन् । स्कटिस थिममा बुनिएको यो गीतको अघिल्लो संस्करणमा स्वस्तिमा खड्का, प्रदीप खड्का र अश्लेषा ठकुरीले अभिनय गरेका थिए । निर्माता कम्पनी आशुसेन फिल्मसले नयाँ गीतलाई दर्शक एवं श्रोताले रुचाउन सक्ने जनाएको छ ।

*(अनलाइनहरुबाट)*

## अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Extrinsic = गुदी नभएको, कम महत्वको As the testimonies were extrinsic, the judge did not admit them (प्रमाणहरू महत्वहीन भएको हुँदा न्यायाधीशले त्यसलाई स्वीकारेनन्)

Frigid = अति नै चिसो As Alaska is frigid zone, there are not much activities compared to any other zones of the earth (अलास्कामा ज्यादै चिसो हुने भएको हुँदा पृथ्वीको अरू ठाउँमा जस्तो त्यहाँ धेरै क्रियाकलाप हुँदैनन्)

Granulate = अन्नाकार बनाउनु Granulated sugar dissolves easily than lump sugar (ढिक्का चिनीभन्दा अन्नआकारको चिनी सजिलै पग्लन्छ)

Hinterland = धेरै आवतजावत नहुने परको ठाउँ As they live in hinterland, they have seldom visitors तिनीहरू परको ठाउँमा बस्ने हुँदा तिनीहरूकहाँ पाहुना प्राय हुँदैनन्)

Hamstring = भाँजो हाल्नु To hamstring other's effort to progress is not a good thing अरूले गर्न लागेको प्रगतिको प्रयत्नमा भाँजो हाल्नु राम्रो कुरा होइन )

Insensible = मतलब नदेखाउने As he is suffering from chronic disease, all of his family members are insensible thereto (ऊ कहिले निको नहुने रोगबाट ग्रसित भएको हुँदा उसका परिवारका सदस्यहरूले उसको रोगप्रति त्यति मतलव देखाउँदैनन्)

Log= दैनिक क्रियाकलाप वा घटनाको सूची, सूचीकरण गर्नु The works that have been completed by me has been logged in the computer (मद्वारा सम्पादित कामहरू सबै कम्प्युटरमा सूचीकरण भएका छन् )

Muddle= भ्रम सृजना गर्ने खालको I find his thought quite muddling (मलाई उसका विचारधारा भ्रमपूर्ण लाग्दछन्)

Nepotism = नातावाद Hari resigned from his position as he knew the basis of promotion was not ability rather nepotism (नातावादको आधारमा बढुवा हुने कुरा थाहा पाएर उसले जागिरबाट राजिनामा दियो )

Orthodox = कट्टरवादी Principally, he is orthodox but he is practical while dealing with people (सिद्धान्तमा कट्टरवादी भए तापनि जनसर्म्पकमा ऊ व्यवहारिक छ )

## सामान्य ज्ञान प्रश्नोत्तरहरू

उत्तर कोरियाको मुद्रालाई के भनिन्छ ? • विन

४० मिल लामो गेट (ढोका) कुन देशमा छ र त्यसको नाम के हो ? • पूर्वी जर्मनी, वाडेनवग गेट

ब्रुनाइ देशको राष्ट्रिय नाम के हो ? • स्टेट अफ ब्रुनाइ

तिब्बतको खोजकर्ता को हुन् ? • ओर्डोरिक पोडेडेवन

फलामको तौल कहाँ बढी हुन्छ ? • पारामा

ग्रिष्म ऋतुमा कुन रंगको कपडा लगाइन्छ ? • सेतो

डोल ड्रम्सको उपयोग कुन विषयमा हुन्छ ? • भूगोल

अक्सिजन आविष्कार गर्ने व्यक्तिको नाम के हो ? • पृष्टले

कोइराला जलाएपछि कुन ग्यास निस्कन्छ ? • कार्बन डाइअक्साइड

चरा बस्ने उद्यानलाई के भनिन्छ ? • सेन्चुअरी

द ग्रेटेस्ट उपनामले प्रख्यात हुने बक्सर को हुन् र कुन देशका हुन् ? • मोहम्मद अली, अमेरिका

बुद्ध जन्मेको कति दिनपछि उनको आमाको निधन भयो ? • सात दिन

पृथ्वीको कक्षमा घुम्ने प्रथम व्यक्ति को हुन् ? • अलेक्सी लियोनोभ

अपशकुनको प्रतीक कुन फूल (गुलाब) लाई भनिन्छ ? • कालो गुलाब

त्रिभुवन विश्वविद्यालयको स्थापना घोषणा कहिले भयो ? •२०१२ चैत १८

लिम्बु जातिका प्रचलित नाच कुन हो ? • धाननाच

## फरक थाहा पाई राख्नुहोस्

Script = लिपि Nepalese language is written in Devnagari script नेपाली भाषा देवनागिरी लिपिमा लेखिन्छ ।

Scrip = शेयर, मूल्य भएको कागज Instead of dividend, the company issued scrip to the share holder लाभांश वितरण गर्नुको सट्टा कम्पनीले आफ्ना शेयर होल्डरहरूलाई अतिरिक्त शेयर निष्काशन गऱ्यो ।

Seasonable = ऋतु अनुरुपको Seasonable rain always results in excellent crop ऋतुअनुसारको वर्षाले बालीलाई ज्यादै फाइदा पुऱ्याउँछ ।

Seasonal = निश्चित अवधिसम्म मात्र रहने The dccrease in employment is seasonal रोजगारीमा देखिएको ह्रास केही समयमात्र रहन्छ (सधैं रहन्न ।

Section=भाग This section of the farm belongs to may uncle खेतको यो भाग मेरो काकाको हो ।

Cross-section = नमुना The reccomendation is based on a cross section of public opinion यो सुझाव धेरै ठाउँमा लिइएको जनमतबाट प्राप्त नमुनामा आधारित छ ।।

Sensual = शारीरिक वा भौतिक अनूभूति He has devoted himself to sensual pleasure of life उसको जिन्दगी शारीरिक सुखप्रति समर्पित छ ।

Sensuous= मानसिक सुखको अनुभूति His painting gives a sensuous pleasure उनको कलाकृतिले मानसिक सुखको अनुभूति दिन्छ ।

Sewage = प्रयोग गरी निस्केको फोहोरपानी वा वस्तु It is not allowed to outflow the sewage in the river प्रयोग गरी निस्केको फोहोर पानी नदीमा छोड्नु हुँदैन ।

Sewerage=ढल निकास प्रणाली There is no sewerage facility in this city यो शहरमा ढल निकास प्रणालीको सुविधा छैन ।

## सुडोकु-अंक ६०

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | ४ | ९ | ७ | | १ | २ | ३ | |
| ६ | | | | | | | | ८ |
| ३ | ८ | | | | | | १ | ४ |
| | | १ | ३ | | ४ | ८ | | |
| | | | | | | | | ३ |
| | | ३ | २ | | ८ | ५ | | |
| १ | ९ | | | | | | ८ | ५ |
| ७ | | | | | | | | २ |
| | २ | ५ | १ | | ३ | ६ | ९ | |

## अंक ५९ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५ | ९ | ३ | १ | ८ | ६ | ४ | ७ | २ |
| ६ | २ | ४ | ३ | ५ | ७ | १ | ९ | ८ |
| ७ | ८ | १ | ४ | ९ | २ | ५ | ६ | ३ |
| १ | ६ | ९ | ७ | २ | ८ | ३ | ५ | ४ |
| ४ | ५ | २ | ९ | १ | ३ | ७ | ८ | ६ |
| ८ | ३ | ७ | ५ | ६ | ४ | २ | १ | ९ |
| ९ | १ | ६ | २ | ४ | ५ | ८ | ३ | ७ |
| २ | ७ | ५ | ८ | ३ | ९ | ६ | ४ | १ |
| ३ | ४ | ८ | ६ | ७ | १ | ९ | २ | ५ |

# महिला स्वास्थ्य स्वयंसविका तालिमका झलक



स्वास्थ्य सम्बन्धी तालिमको उद्घाटनमा १४ नम्बर वडा अध्यक्ष तथा सदस्यहरू



शुभकामना मन्तव्य राख्दै १४ नम्बर वडा अध्यक्ष शोभा सापकोटा



महिला स्वास्थ्य स्वयमसेविकाहरूसँग वडा अध्यक्ष सापकोटा



शंखमूलस्थित कोचिङ कक्षाको सामग्री हस्तान्तरण पछिको तस्विर



क्षमता विकास तालिमको सहजिकरण गर्दै विन्दु शर्मा



अभिभावक छलफल कार्यक्रमका सहभागीहरू



क्षमता विकास तालिमको सहजिकरण गर्दै सिरी सत्याल



इन्द्रायणी बालक्लवका पदाधिकारी सामुहिक तस्विरमा



शहरी विपन्न बालबालिकाको तथ्याङ्क गोष्ठीमा प्रस्तुत गर्दै सोनीया रिजाल

# महिला स्वास्थ्य स्वयंसेविकाहरूका लागि तालिम

बाल विकास समाज र सेभ द चिल्ड्रनको संयुक्त प्रयासमा सञ्चालित शहरी क्षेत्रमा बसोबास गर्ने बालबालिकाहरुका लागि परियोजना अन्तर्गत संस्थाले काठमाडौं महानगरपालिका १४ वडास्थित महिला स्वास्थ्य स्वयमसेविकाहरुका लागि बाल विकास समाजले स्वास्थ्य सम्बन्धी क्षमता विकास तालिम सम्पन्न गरेको छ । संस्थाले उक्त तालिम १४ नंबर वडाकार्यालय, जिल्ला जन स्वास्थ्य कार्यलय, स्वास्थ्य विभाग, शहरी स्वास्थ्य क्लिनिकसँग समन्वय गरी उक्त तालिम सन्चालन गरेको हो । तालिमको उद्घाटन १४ नंबर वडा कार्यालयका वडा अध्यक्षबाट गरिएको थियो । सोही क्रममा तालिम सफलताको शुभकामना दिदै वडा अध्यक्ष शोभा सापकोटाले बाल विकास समाजले गरेका कामका प्रंशसा गर्नु भएको थियो । राम्रो काम गर्ने संस्थाहरु मध्ये बाल विकास समाज पनि एक भएको कुरा उल्लेख गर्दै आगामी दिनहरुमा पनि यस किसिमका कार्यक्रमहरु संस्थाले ल्याएको अवस्थामा वडाका तर्फबाट आवश्यक सहयोग गर्न तयार रहेको कुरा समेत बताउनु भएको थियो । उहाँले कलकीं क्षेत्र राजधानी प्रवेशद्धार भएको हुँदा यस क्षेत्रको विकासमा लागि परी यस क्षेत्रलाई बालश्रम मुक्त बनाउन प्रयास गर्ने कुरा बताउनु भएको थियो । बालबालिकाहरुको हितको लागि संस्थासँग समन्वय गरी काम गर्न वडा कार्यालय सधै तयार रहने कुरा पनि बताउनु भएको थियो । त्यसैगरी मन्तव्यकै क्रममा सहायक प्रशासकीय प्रमुख इश्वरी लोडारीले संस्थासँग धेरै चरणको छलफल पछि यो कार्यक्रम आएको हुनाले सोही अनुसार तालिममा सिकेका कुराहरु फिल्डमा गएर लागू गर्न सबै सहभागीहरुलाई अनुरोध गर्नु भएको थियो । तालिममा कार्यक्रम व्यवस्थापक सोनीया रिजालले तालिमको उद्देश्य तथा परियोजनाका बारेमा प्रष्ट पार्नु भएको थियो । तालिममा बस्ती क्षेत्रको सरसफाई तथा बालबालिकाहरुको पोषणको बारेमा छलफल गराइएको थियो । तालिममा ३३ जना महिला स्वास्थ्य स्वयमसेविकाहरुको सहभागिता रहेको थियो । तालिममा जिल्ला जनस्वास्थ्यका प्रतिनिधिले शुभकामना व्यक्त गर्नु भएको थियो । स्वास्थ्य भनेको जटिल विषय भएको हुँदा बालबालिकाहरुको स्वास्थ्य तथा पोषणमा ध्यान दिन अभिभावकहरुलाई जागरुक बनाउनु आजको आवश्यकता भएको कुरा समेत मन्तव्यको क्रममा जिल्ला जन स्वास्थ्यका प्रतिनिधिले व्यक्त गर्नु भएको थियो । तालिमको सहजिकरण सेभ द चिल्ड्रेनबाट भएको थियो । विशेषत: गर्भवती अवस्थामा महिलको हेरचाहमा ध्यान दिने कुराको बारेमा समेत छलफल भएको थियो ।

**बालमैत्री स्थानीय शासनको बारेमा अभिमुखीकरण**

बाल विकास समाजको आयोजनामा बालमैत्री स्थानीय शासनको बारेमा एक दिने अभिमुखीकरण सम्पन्न भएको थियो । सोही अभिमुखीकरणम बाल विकास समाजका कर्मचारीहरुको सहभागिता रहेको थियो । अभिमुखीकरणको सहजिकरण संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका सह सचिव रेश्मीराज पाण्डेले गर्नु भएको थियो । बालमैत्री स्थानीय शासन सबै स्थानमा लागू गर्ने सरकारको दायित्व भएको हुँदा सोही अनुसार सबै स्थानीय तहमा निर्देशन दिइएको कुरासमेत सह सचिव पाण्डेले बताउनु भएको थियो । हरेक स्थानीय तहमा बालबालिकाहरुका लागि १० प्रतिशत बजेट जाने भएको हुँदा उक्त रकम बालबालिकाहरुका लागि काम गर्न खर्च हुनुपर्ने प्रावधान भएको कुरा समेत उहाँले बताउनु भएको थियो । अव हरेक वडाले बालमैत्री वडा घोषणाका लागि पहल गर्नु पर्ने र वडामा बालबालिकाहरु कुनै पनि किसिमका समस्या देखिन नहुने प्रावधान बालमैत्री स्थानीय शासनमा व्यवस्था भएको कुराको पनि चर्चा भएको थियो । त्यसैगरी बाल विकास समाजका उपमहासचिव उद्धवराज पौडयालले अरबान बालबालिकाहरुको राष्ट्रिय रुपमा उठेका मुद्धाहरुलाई राज्यद्धारा सम्बोधन गर्नका लागि हाम्रो लवि मजबुद तवरबाट  अगाडी लानुपर्ने कुराको बारेमा छलफल गराउनु भएको थियो । बालमैत्री स्थानीय शासनको बारेमा गाउँ गाउँमा सबैलाई जानकारी गराउन संस्थाको भूमिका महत्वपूर्ण हुने भएको हुनाले सोही अनुसार काम गर्नुपर्ने कुराको बारेमा समेत छलफल भएको थियो । संस्था भनेको राज्यको सहयोगीका रुपमा मात्र भएको हुनाले बालबालिकाहरुको समस्या राज्यसम्म लान पुलको काम गर्ने कुरामा छलफल भएको थियो । अभिमुखीकरण कार्यक्रमको समापनमा संस्थाका महासचिव काजीबाबु पान्डेले सबैलाई धन्यवाद दिनुभएको थियो ।

**शहरी विपन्न वर्गका बालबालिकाबारे गोष्ठी**

बाल विकास समाजले विभिन्न संघ संस्थाहरुलाई सहभागी गराइ शहरी विपन्न बालबालिकाहरुको अवस्थाको बारेमा छलफल चलाइएको थियो । संस्थाका तत्कालिन अध्यक्ष तथा शहरी विकास मन्त्रालयका पूर्व सचिव किशोर थापाको सहजीकरणमा गोष्ठी सम्पन्न भएको हो । विशेषत अवयवस्थित छाप्रो बस्तीमा बालबालिकाहरुले धेरै किसिमका समस्याहरु झेलिरहनु परेको र बस्तीमा बसेको कारणले नै उनीहरु राज्यको तर्फबाट पाउने सेवा सुविधाबाट वञ्चित हुन नपरोस भन्नका खातिर यी बालबालिकाहरुको संरक्षणका लागि सबै एक जुट भएर अगाडी जानु पर्ने कुराको बारेमा छलफल गरिएको थियो । शहरमा रहेका विपन्न वर्गका बालबालिकाहरुकाहरुका लागि काम गर्दा एक्लैले गर्नु भन्दा पनि बालबालिकाको क्षेत्रमा काम गर्ने संघ संस्थाहरुको एउटा साझा समूह निर्माण गरी सोही अनुसार राज्यलाई वकालत गर्नुपर्ने कुराको महशुस गोष्ठीमा गरिएको थियो । अरबान बालबालिकाहरुको समस्यालाई साझा समस्याको रुपमा उठान गरी राज्यलाई सम्बोधनका लागि वकालत गर्नु मुख्य कार्य भएको कुरा पनि गोष्ठीमा औल्याइएको थियो । गोष्ठीमा बालबालिकाको क्षेत्रमा काम गर्ने विभिन्न संघ संस्थाहरुको सहभागिता रहेको थियो । गोष्ठीमा बाल विकास समाजका कार्यक्रम व्यवस्थापक सोनीया रिजालले समग्र अरबान बालबालिकाहरुको अवस्थाको बारेमा प्रस्तुतिकरण दिनु भएको थियो । यसरी चलेको छलफलमा यस किसिमको छलफललाई आगामी दिनहरुमा पनि जारी राख्ने निष्कर्ष सहित छलफलको अन्त्य गरिएको थियो ।

**कोचिङ कक्षाका लागि सामग्री हस्तान्तरण**

बाल विकास समाजले काठमाडौं महानगरपालिका वडा नं. १० स्थित शंखमूल बस्तीमा समुदायद्धारा सञ्चालित कोचिङ कक्षाका लागि सहयोग उपलब्ध गराएको छ । बस्तीमा रहेका बालबालिकाहरुको सिकाइ स्तर वृद्धि गर्ने र शैक्षिक दुरी कम गर्नका लागि कोचिङ कक्षा सञ्चालनमा संस्थाले सहयोग गरेको हो । संस्थाले यहि जुन महिनादेखि उक्त काचिङ सञ्चालनमा सहयोग गरेको हो । संस्थाले कोचिङको लागि आवाश्यक स्टेस्नरी, टेबल, बोर्ड चकटी लगायतका सामग्री हस्तान्तरण गरेको हो । उक्त सामग्री कोचिङ कक्षाका सहजकर्तालाई हस्तान्तरण गरिएको थियो । उक्त कोचिङ कक्षामा दैनिक २० जना बालबालिकाहरु पढन आइरहेका छन् । उक्त कोचिङ कक्षाबाट बालबालिकाहरुको सिकाइ अवस्था सुधार ल्याउन प्रभावकारी हुने कुरा बुद्धमार्ग टोल विकास समितिका अध्यक्षले बताउनु भएको थियो ।

**दिवा शिशु स्याहार केन्द्रका बालबालिकाका अभिभावकहरूसँग छलफल**

काठमाडौं महानगरपालिका १० स्थित शंखमूल क्षेत्रमा रहेको समुदायले सञ्चालन गरेको दिवा शिशु स्याहार केन्द्रका लागि पनि बाल विकास समाजले सहयोग गरिरहेको छ । उक्त केन्द्रका सहजकर्तालाई बाल विकास समाजले मासिक तलब उपलब्ध गराइ रहेको छ । उक्त केन्द्रका बालबालिकाहरुका अभिभावकहरुसँग केन्द्रमा आउने बालबालिका तथा अभिभावकको जिम्मेबारीका बारेमा छलफल गरिएको थियो । उक्त छलफल कार्यक्रममा बाल विकास समाजको तर्फबाट केन्द्रमा गरिएको सहयोगको बारेमा जानकारी गराइएको थियो । सोही क्रममा बाल विकास समाजले थप सहयोग गरेको हुनाले यस बस्तीका अभिभावकहरुले बालबालिका केन्द्रमा राखी दैनिक मजदुरी गर्न पाएको कुरा समुदायका अगुवा हुकुम बा. लामाले बताउनु भएको थियो । संस्थाले सहयोग गरेकोमा संस्थालाई अभिभावकहरुले धन्यवाद दिएका थिए । साथै हाम्रा बालबालिकाहरुको संरक्षणमा चासो दिएर यो कार्यक्रम ल्याएकोमा हामी अत्यन्तै खुशी भएको कुरा समेत अभिभावकहरुले बताएका थिए ।

**बालबालिकाले चित्रमा रङ लगाउने कार्य सन्चालन**

सानेपास्थित इन्द्रायणी बालक्लवका पदाधिकारीहरुले एक कार्यक्रमको आयोजना गरी कथाको किताबमा भएको चित्रहरुमा रङ भर्ने कार्य सम्पन्न गरेका छन् । सानेपामा रहेको इन्द्रायणी उद्यानमा उक्त कार्य सम्पन्न भएको हो । बालक्लव बैठक बसी उक्त बैठकको निर्णय अनुसार १२ जना बालबालिकाहरुले चित्रमा रङ भर्ने कार्य सम्पन्न गरेका हुन् । उक्त कार्यबाट बालबालिकाहरुको सहभागिताको अधिकार सुनिश्चित गर्नका लागि पनि थप सहयोग पुगेको छ । उक्त कार्यबाट बालबालिकाहरुले खुशी व्यक्त गर्दै हरेक शनीबार ४ देखि ५ वजेको समयमा बालक्लवले यस उद्यानमा बालबालिकाका लागि केही न केही क्रियाकलाप सन्चालन गर्ने निर्णय समेत गरेका छन् ।

**किशोरकिशोरीहरूका लागि क्षमता अभिवृद्धि तालिम**

बाल विकास समाजले विद्यालय युवा सशक्तिकरण कार्यक्रम अन्तर्गत सामुदायिक विद्यालयमा अध्ययन गर्ने किशोरावस्थाका विद्यार्थीहरुका लागि क्षमता अभिवृद्धि तालिम सञ्चालन गरी उनीहरुलाई जोखिम पूर्ण व्यावहारबाट संरक्षण हुन सहयोग पुर्‍याउँदै आइरहेको छ । बाल अधिकार, बाल दुर्व्यवहार, बाल यौन दुर्व्यवहार, एच. आइ. भी. एड्स बाल हिँसा तथा महिला हिँसा, गलत साथीबाट जोगिने उपाय, कुलतबाट बच्ने उपाय, जीवन उपयोगी सीप लगायतका विषयमा हरेक महिनाको प्रत्येक शनिबार यस संस्थाको केन्द्रीय कार्यालय कपनमा तालिम सञ्चालन संस्थाको आयोजनामा हुने गर्दछ । तालिममा ११ देखि १९ वर्षसम्मका विद्यार्थीहरु सहभागी हुने गर्दछन् । तालिम सञ्चालनमा बाल विकास समाजका कर्मचारीहरुले रोटेसनका आधारमा निशुल्क रुपमा विदाको दिन संस्थालाई समय दिइरहेका छन् । कुनै पनि दातृ निकायको सहयोग बिनानै सञ्चालन भएको यस तालिमबाट बालबालिकाहरुले सेवा लिन पाउनु भनेको संस्थाका लागि पनि गौरवको विषय हुन सक्छ । यस संस्थाका कर्मचारीहरुको कामलाई पक्कै पनि प्रशंसा गर्न लायक छ । यसैगरी अरुणोदय माद्यामिक विद्यालयका २५ जना ११ वर्षदेखि १९ वर्षसम्मका किशोरकिशोरीहरुका लागि ११ हप्ते क्षमता अभिवृद्धि तालिम सम्पन्न भएको थियो ।

उक्त तालिममा बाल दूर्व्यवहार विरुद्द उजुरी प्रक्रिया तथा बसाइ सराई र मानव बेच विखनका बारेमा संस्थाका कर्मचारीको सहजिकरणमा सम्पन्न भएको थियो । तालिममा तालिममा विद्यार्थीहरुले सक्रिय रुपमा सहभागिता जनाएका थिए । यस किसिमको तालिमबाट धेरै कुराको ज्ञान हासिल गर्ने मौका पाइने हुनाले यस तालिममा नियमित रुपमा सहभागी हुने कुरा विद्यार्थीहरुले बताएका थिए । तालिमबाट विभिन्न अप्ठयारो परिस्थतिबाट जोगिने उपाय सिक्दै बाल दुर्व्यवहारको विरुद्धमा उजुरी गर्ने तरिकाको समेत ज्ञान हासिल हुने हुनाले हामी किशोरावस्थाका विद्यार्थीहरुका लागि एकदमै उपयोगी हुने कुरा सहभागीहरुले बताएका थिए ।    सेवाको भावनाले अभिप्रेरित भएर काम गर्ने हो भने कसैको सहयोग विना नै प्रभावकारी काम गर्न सकिने कुराको ज्वालन्त उदाहरण बाल विकास समाजका कर्मचारीहरुले दिएका छन् । कर्मचारीले नै तयार गरेको यो उपायबाट एक वर्षमा कम्तीमा ३ वटा सामुदायिक विद्यालयका बालबालिकाले यो सेवा लिने योजना छ । दौंतरीको माध्यमबाट बालबालिकालाई चेतनशील बनाउने राम्रो कार्यको रुपमा यस तालिमलाई हेरिएको छ । तालिम प्रभावकारी रुपमा सञ्चालन भएको अवस्थामा पक्कै पनि सामुदायिक विद्यालयका बालबालिकाहरुलाई विभिन्न समस्याबाट जोगिनका निम्ति सहज हुने देखिन्छ ।

**प्रस्तुति : गोविन्द वि क/अनिल बके**

सम्पदा

चेतेन्द्रजंग हिमाली

# हाम्रो लुम्बिनी : भारतको टाउको दुखाइ



इसापूर्व सातौ शताब्दीमा वर्तमान पच्छिमाअञ्चल क्षेत्र अन्तर्गत पर्ने कपिलवस्तु जिल्लाको तिलौराकोट मा शाक्यवंशी राजा शुद्धोधन को राजधानी थियो । त्यस्को नजिकै दक्षिण पट्टी पिपरहवा नामको गाउँ छ । त्यो पनि तात्कालिन राजधानी वशोवासको क्षेत्रभित्र पर्ने स्थान हो । राजा शुद्धोधनका एकमात्र सुपुत्र सिद्धार्थ गौतमको जन्म आज भन्दा २६३२ वर्ष पहिल्यै भएको थियो । शुद्धोधन कि रानी आफ्नो माइति देवदह जान तिलौराकोटबाट लुम्विनी आई पुगेकी थिइन त्यसै अवस्थामा उनलाई प्रशव व्याथा लागेर त्यही सिद्धार्थ गौतमको जन्म भयो । जुन वुद्ध जन्म भूमिको नामले आज विश्वमा परिचित छ ।

वुद्धको जन्म मितिको करिव ३५० वर्ष पछि हाम्रो दक्षिणी छिमेकी भारतमा सम्राट अशोक नामका राजा थिए । उनले आफ्नो जीवनकालमा धेरै युद्ध गरे र विशाल भारत निमार्ण गर्ने उद्देश्य राखेको देखिन्छ । उनले कलिङ्गमा ठूलो युद्धको सामाना गर्नु पर्‍यो त्यो युद्धमा उनले असफलता पाए । त्यस युद्धको पछि असफलता पछि उनी वुद्धका अनुयायी भएर शान्तिदुतको रुपमा राजपाठ त्यागी बाहिर निस्की वुद्ध दर्शनको प्रचार र सामाजलाई वुद्धिजममा आवद्ध गर्न उनी र उनको छोरी चारुमतीले निकै ठूलो अभियान चलाए । ठाउँ-ठाउँमा स्तुपाहरु निमार्ण गरे । उनी वुद्धको जन्मथलो खोज्दै लुम्विनीमा आइपुगे त्यहाँ उनले अशोक स्तम्भ खडा गरेर त्यसमा लेखिदिए 'हिद वुद्ध जाते' यो पाली भाषामा लेखिएको छ यसको अर्थ हो यहाँ वुद्ध जन्मेका हुन् ।

विभिन्न प्राकृतिक प्रकोपको कारण जनआवादी घट्दै जानु र राजा शुद्धोधनका स्मारकहरुको क्षेत्र जङ्गलमा परिणत हुनुले यो क्षेत्र मानव वस्ती विहिन हुन पुगेको थियो । सातौं शताव्दीमा चिनीया वुद्धिस्टहरु होयाङ् शान र फाइ यान आए । उनीहरुले कपिलवस्तु, तिलौराकोट, लुम्विनी, देवदह, रामग्राम जस्ता ठाउँहरु यहाँ छन् भनि त्यसको भौगोलिक व्याख्या समेत गरेर लेखे जसमा लेखिएको छ- पिपरहवा, तिलौराकोट, वाणगंगा नदीको किनारमा पर्छ र तिलौराकोटबाट हिम श्रृखला देख्न सकिन्छ । लुम्विनी केही उत्तरपूर्व पर्छ त्यसपछि वुद्धको मावली जान तुरिया नदी तरेर रोहणी नदीको किनार मा पर्छ । रामग्राम त्यसको सोझै दक्षिण पर्छ भन्ने उल्लेख गरेका छन् । त्यती मात्र होइन उनीहरुले नेपालको पूरै भौगोलिक व्याख्या समेत गरेका छन् । लेखिएको छ- नेपालको लम्वाई ४ हजार लि. अर्थात १५ सय माइल पर्छ भनेर किटानी गरेका छन् । जसले साम्राज्यवादी अंग्रेजहरु सँगको सन् १८१४-१६को युद्ध भन्दा पहिल्यैको नेपाल प्रमाणित गर्दछ ।

त्यसपछि लामो समयसम्म वुद्धिष्टहरु सिङ्गो एशिया भरिनै आ-आफ्नो देशमा वुद्धका मुर्ति निमार्ण गर्ने र स्तुपा बनाउने अभियानमा लागे । नेपालका प्रसिद्ध मुर्तिकार अरनिकोले आफ्नै देशमा मात्रै होइन आज भन्दा १५ सय वर्ष पहिल्यै हाम्रो उत्तरी छिमेकी चीनमा गएर पनि बेजिङ्गमा विश्व प्रसिद्ध स्वेत स्तुपा बनाए जसलाई अरनिको द्वारा निर्मित होआइट प्यागोडा नामले विश्वमा प्रसिद्धि पाएको छ । वुद्धका वाणिहरुलाई लिपिबद्ध गरेर स्थापित गरिदिने गुरु पदम सम्भव उनी अफगानिस्तानका वासिन्दा थिए भनिन्छ । अफगानिस्तानमा त ठूला-ठूला पर्वतिय चटानमा वुद्धका मुर्तिहरु निर्माण गरिए । जसलाई कुरान दर्शनका कटरपन्थी तालिवानहरुले तोप द्वारा भत्काउने दुःसाहास गरेका थिए ।

सन् १८८५मा धिर शमशेरका छोराहरुको बीचको अन्तरद्वन्द्वले जङ्गबहादुरका सातौ भाई रणोदिप सिंह मारिए त्यती मात्र नभएर जङ्गबहादुरका छोरा जगतजङ्ग र उनकी पत्नी साथै छोरा युद्धप्रताप जङ्ग मारिए । जसको नेतृत्व वीर शमशेरले गरेका थिए । र अनावश्यक वरवरता तर्फ वीरशमशेर अग्रसर भएपछि उनका माइला भाई खडग शमशेरले नियन्त्रण गर्न खोजे जसकारण वीरशमशेरले उपत्यका प्रवेश निषेध गरी पाल्पा निस्कासन गरीदिए । पाल्पामा बस्दा काली गण्डकीको किनारमा पत्नीको नाममा रानीमहल बनाएको हामी सवैले देखे सुनेका छौ । चार वर्ष पछि तिनै वीरशमशेरले पाल्पा गौडाको तैनाथी बडा हाकिम बनाएर राखे । बडा हाकिम भए पछि पहिलो पटक वुद्धको जन्मथलो खडकशमशेरले नै खोजि गरेका थिए । पहिलो उत्खन्न गराउने व्यक्ति खडकशमशेर नै थिए । उनले सन् १८८९ देखि उत्खन्न सुरु गरेका थिए । त्यसपछि भारतका पिसि मुखर्जी आए उनले तिलौराकोट, लुम्विनी मात्रै प्रमाणित गरेनन वुद्धसँग सम्बन्धित अन्य ठाउँहरु बोध गया, कुशि नगर, लगायतका ठाउँहरु पनि पत्ता लगाएर प्रमाणित गरेका थिए । त्यसपछि हामी लगातार धेरै थोरै खोजी गरिरहेका थियौ वर्माका प्रतिनिधि उथाट संयुक्त राष्ट्र संघका महासचिव भएपछि लुम्विनी, तिलौराकोट, देवदह रामग्राम समेत विश्व सम्पदा सूचिमा हालिदिए र लुम्विनीको विकासका लागि युएन मार्फत साहायता बजेटको व्यवस्था गरिदिए । तत्तपश्चायत विश्वका वुद्धिष्टधर्मगुरुहरु र वुद्धधर्मावल्बी राष्ट्रका राष्ट्रध्यक्षसमेत लुम्विनीको यात्रा गर्न थाल्नु भयो । हाल लुम्विनीमा चीन, जापान, कोरिया, ताइवान, श्रीलंका लगायतका देशहरुले आ-आफ्ना वुद्ध प्यागोडा शैलीमा भवनहरु निर्माण गरेका छन् । साथै उत्खन्नमा समेत पूर्ण सहयोग गर्दै आएका छन् ।

यस्तो अकाट्य सत्य हुदा हुदै पनि भौगोलिक, धार्मिक एवं सामाजिक सम्बन्धले जेलिएको हाम्रो दक्षिणी मित्र देश भारतले सधैं भरी झुटको खेती गरिरहन्छ । जब-जब हामी लुम्विनीमा नयाँ उत्खन्न अथवा केही निर्माण एवं सरक्षणको अभियान सुरु गर्छौं तव-तव उसले कहिले वुद्ध उडिसामा जन्मेका हुन त कहिले हाम्रो कपिलवस्तुको ठिक दक्षिणमा पर्ने वस्ती जिल्लामा एउटा गाँउको नाम पिपरहवा नामाकरण गरेर कपिलवस्तु निर्माण गरेको छ । नक्कली लुम्विनी-कपिलवस्तु श्रृजना गरी सत्य सावित गर्न अनेक प्रचारबाजी गरिरहन्छ । तर, हामी विश्वास गर्छौं सत्य सधै सत्य रहन्छ । राजा शुद्धोधनको दरवार नेपालको कपिलवस्तुको तिलौराकोटमा थियो, छ । वुद्धको जन्म लुम्विनीमै भएको हो । जसलाई प्रमाणित गरेको सम्राट अशोकले नै हो । विभिन्न समयमा भएका उत्खन्नहरुबाट पनि प्रमाणित भइसकेको अकाट्य सत्य हुदा हुदै पनि हामि अभिन्न मित्रहौ भनि रहने तर उनीहरुकोमा नभएको ऐतिहासिक धरोहर वा प्राचिन्तम चिन्हहरु कुनै छिमेकीको मा हुनु हुदैन भन्ने गलत मानसिकता ग्रसित भारत बोकिरहेको छ । तर सत्य सत्य नै हुन्छ । वुद्ध नेपाली हुन उनको तपोभूमि भारतको बोधगया, सारनाथ, कुशिनगर भारतमा थिएन, छैन भनेर हामीले कहिल्यै भनेका छैनौ, किनकी असत्य भन्नु हुदैन ।

हाम्रा दुई छिमेकी मध्ये दक्षिणको छिमेकी ३२ लाख ३८ हजार वर्गकिलोमिटरको हाम्रो भन्दा साढे २१ गुना ठूलो छ अर्को उत्तरको छिमेकी ९८ लाख १० हजार वर्ग किलोमिटरको विशाल छ । दुवै छिमेकी अणु शक्तिले पूर्ण छन् । दुवै आपसमा मिलुन । भौगोलिक रुपले धेरै साना छिमेकीहरु छन् । सवैको सारभौमको सम्मान गर्दै विश्वको नेतृत्व गरोस भन्ने हामी चाहना राख्दछौं तर दुर्भाग्य त्यती विशाल भू-भाग र आर्थिक सम्पन्नता भएर पनि छुत्र व्यवहारमा ओर्लिएको देख्दा दुःखका साथ प्रतिवाद गर्न कर लाग्छ । पटक-पटक भारतले अखवार बाजी गरिरहन्थ्यो र हाम्रो सरकार पक्षले प्रतिवाद पनि गरिरहेको थियो । गत महिनामा लुम्विनी भ्रमण वर्षको समापन समारोहमा नेपाल सरकारका मन्त्री, सचीव, पर्यटनवोर्डका अध्यक्ष लगायत धेरै अधिकारीहरुको उपस्थितीमा कपिलवस्तु यहाँ होइन, वुद्ध यहाँ जन्मेका होइनन् जस्ता सत प्रतिसत गलत कुरा लेखिएका प्रचा र पुस्तिका बाडियो । भारत सरकारका अधिकारीहरु स्यवंले वाडे । नेपाल सरकारका अधिकारीहरुले हातमा लिएर धन्यवात दिए । नेपाल सरकारका अधिकारीहरुले प्रतिवादको प सम्म उच्चाहरण गरेनन् । यो नै दुभार्ग्यपूण दुःखद अवस्था हो । जसमा प्रोफेसर डा. त्रिरत्न मान्नधर र ज्ञानमणी नेपाल ज्यू लाई धन्यवात दिन चाहान्छु कमसेकम विरोधमा दुई शव्द बोल्नु भयो । अन्तयमा, अशोकको प्रतिक र चक्र स्वतन्त्रण भारतको प्रतिक हो त्यस्ता व्यक्तिले प्रमाणित गरेको कुरालाई होइन भन्नु अशोक कै अपमान भएन र !

## तराई...

फरैना बाँधका कारण पक्लिहवा, मेउडीहवा हुँदै पूरैका पूरै सिद्धार्थनगर भैरहवा बजार डुबानमा परेको छ । डण्डादेखि खुर्दलोटनसम्म ३१ किमि बाँध तयार भएपछि डण्डा, दानव र तिनाउ नदी थुनेर करिब दश हजार हेक्टरको तलाउ बनाउने योजना भारतको रहेको छ ।

नवलपरासीको दक्षिणी क्षेत्रका १४ वटा गाविस डुबानमा पार्ने गरी भुजहवा बाँध बनाइएको छ । यो हाल ३ किमि मात्र तयार छ । यसलाई भविष्यमा गण्डक नहरसँग समायोजन गर्ने लक्ष्य देखिन्छ । रौतहट जिल्लाको दुःखको रुपमा परिचित वाग्मती नदीमा भारतले लगाएको बाँधको कारण बर्सेनि हजारौं बिगाहा जमिन कटान हुने र हप्तौंहप्ता गौरबजार डुबानमा पर्दै आएको छ । लाखौंको धनमाल, पशुपक्षी तथा मानवीय क्षति हुँदै आएको छ । लालबकैया नदीमा बाँध बाँधेका कारण बारा जिल्लाको सबै गाविसमा डुबानको असर पर्‍यो । त्यस्तै लालबकैया तथा वाग्मती बाँधका असरले सर्लाहीमा समेत असर पुग्न गई दर्जनौं गाउँ जलमग्न हुन पुग्यो । भारतले सिरहाको सीमावर्ती क्षेत्र हरकट्टीमा बाँध बनायो । स्थानीय जनताको विरोधका बाबजुद बनाएको उक्त बाँधका कारण सिरहाको १२ गाविस अत्यन्त प्रभावित भएका छन् । यसै बाँधले धनुषा जिल्लामा समेत गम्भीर असर पुर्‍याएको छ । पूर्व सप्तरी जिल्लाको सदरमुकाम राजविराजसमेत डुबानमा पर्ने गरी कुनौली बाँध निर्माण भएको छ । यसरी भारतले सिमानामा बाटो निर्माणको नाउँमा बनाएको बाँधले प्रारम्भिक चरणमै नेपालको सिंगै तराईलाई असर पुर्‍याएको छ । ३/४ मिटर अग्लो गरी बनाइएका यी ११ वटा बाँधले त तराई यसरी प्रभावित भएको छ भने १५/२० मिटर अग्लो पारी ५४ वटा बाँध निर्माण भएमा र त्यसको सबै ढोका बन्द गरिएमा नेपालको तराईको स्थिति के होला ? नेपालमा पर्ने पानीका कारण भारतको उत्तर प्रदेश तथा विहारका कतिपय क्षेत्रमा असर पुर्‍याउने गरेको छ । त्यसको समाधान मुहानमा बाँध बाँधी खोलो थुनेर हुँदैन । पानीको सही सदुपयोग गर्न अर्को मुलुकको हितलाई समेत ख्याल गरी अन्तर र्ाष्ट्रिय नीति नियमभित्रबाट सही समाधान खोज्न भारत तयार हुनुपर्छ । र द्विपक्षीय हितमा बाढी नियन्त्रणको उपाय खोज्दै सिमानाका जनताका सम्मानपूर्वक बाँच्न पाउने अधिकारको ग्यारेन्टी गर्नुपर्छ । नदी नियन्त्रणमा कसैलाई बाधा नपारी उचित उपाय र तटबन्ध गर्नुपर्ने हुन्छ ।

विहार तथा उत्तर प्रदेश सरकार प्रमुखहरुको बाढीप्रति ध्यानाकर्षण भएका छन् । सीमावर्ती क्षेत्रमा बाँध बनाई खोलो थुनेर भारतको बाढी नियन्त्रण हुँदैन । त्यसैले बनेको सबै बाँध भत्काई नियन्त्रणको लागि किनारामा तटबन्ध गर्नु राम्रो उपाय हुनेछ । त्यसैले तराईका जनताको घरबास सुनिश्चित गरी बाढीबाट बचाउन भारतले निर्माण गरेका बाँधहरु भत्काई प्राकृतिक बहाव कायम गर्दै थप बाँध नबनाउने प्रत्याभूति गर्नुपर्छ ।

भारतले सुरु गरेको सीमावर्ती बाँध प्रणाली बहुआकांक्षी बृहद नदी जडान योजनाको अंग हो । नेपाल र भारतका ३७ वटा नदीहरु जोडी भारतको अधिकांश हिस्सामा सिंचाइ, खानेपानी, विद्युत, बाढी नियन्त्रण एवं सुख्खा क्षेत्रमा राहत पुर्‍याउँदै अन्नभण्डारलाई आधारभूत तहमै वृद्धि गर्ने उद्देश्य राखी नदी जडान योजना सुरु गरेको छ । बढी पानी भएको क्षेत्रबाट सुख क्षेत्रमा पानी पुर्‍याउने र प्रतिकूल भौगोलिक स्थितिलाई अनुकूल बनाउने पनि नदी जडान योजनाको उद्देश्य हो । भारतको पश्चिम क्षेत्र अग्लो छ पूर्व होचो छ । उत्तरमा प्रशस्त पानी छ । दक्षिण सुखा छ । त्यसकारण पश्चिमको अग्लो जमिन सिंचाइ गर्न नेपाली नदीनालाको ठूलो महत्व छ । पूर्वको ब्रह्मपुत्र र मेघनाको पानीले भारत सिंचित हुँदैन । त्यसकारण कोशी मेची, कोशी-धाधरा, गण्डक-गंगा, धाधरा-यमुना र शारदा-यमुना गरी ५ क्षेत्रबाट सबै नेपाली नदीलाई भारतीय नदी जडान योजनामा गाँस्ने तयारी गरेको छ । यी नदीबाट भारतको पश्चिम राजस्थान हुँदै ताप्ती नर्मदादेखि पिंजलसम्म र कोशी नदीलाई ९३२ किमिसम्मको नहर बनाई महानदीमा लगिने योजना छ । नेपालका बसै नदीनालालाई गंगा नदीमा जोडी दक्षिणको कृष्ण पेन्नार हुँदै पम्बाकाभेरीसम्म लाने योजना भारतको छ । नेपालका नदीनालामध्ये सन् १९२० मा शारदा ब्यारेजमार्फत महाकाली, २०१० सालमा कोशी सम्झौता तथा २०१६ सालमा गण्डक सम्झौतामार्फत नेपालका अधिकांश ठूला नदीका पानी उपयोग गर्दै आएकोमा, ३१५ मिटर अग्लो बाँध बनाउने महाकाली सम्झौता, २०५३ सालमा १८७ मिटर अग्लो बाँध बाँधी पानी बिजुली भारतले उपयोग गर्ने गरी २०५४ सालमा पश्चिम सेती सम्झौता, २६० मिटर अग्लो चिसापानीमा बाँध बाँधी १०८०० मेघावाट बिजुली निकाल्न विभिन्न हरकत हुँदै आएको छ । त्यस्तै २७९ मिटर अग्लो कोशी बहुउद्देशयीय परियोजना नेपाल भारत संयुक्त कार्यदलद्वारा डीपीआर तयार गर्ने काम भइरहेको छ । त्यस निम्ति भारतले रकम विनियोजनसमेत गरेको छ । यी लगायत १७ वटा हाई ड्याम परियोजना सञ्चालन गर्ने भारतीय योजना बृहद नदी जडान योजनाका अंग हुन् । भारतमा केन तथा बेतना नदीलाई जोड्ने काम सुरु भइसकेको छ । यसले गर्दा योजना उच्च प्राथमिकतापूर्वक तीव्र गतिमा अघि बढिरहेको छ ।

१९७२ मा केन्द्रीय सिंचाइ मन्त्री केवल रावले गंवा-कांवेरी जोड्ने सुझाव दिए । १९७७ मा पाइलट क्याप्टेन डिज दस्तुरले नदीहरु जोडन नहरहरुको माला बनाउन सुझाव दिए । २००२ को स्वतन्त्र संग्राम वार्षिकोत्सवको भारतमा राष्ट्रपति अब्दुल कलामले योजनालाई प्राथमिकतामा राखे । तामिल संगठन द्रविवण पैरावेले सुप्रिम कोर्टमा जनहित याचिका दर्ता गर्‍यो । सुप्रिम कोर्टले १० सालमा पूरा गर्न टास्क फोर्स बनाउन निर्देश गर्‍यो । २००२ मा पूर्व ऊर्जामन्त्री सुरेश प्रभुको नेतृत्वमा ३ सदस्यीय टास्क फोर्स बनाई काम अघि बढ्यो । यो योजनाको कुल लागत २०० अर्ब डलर हुने अनुमान छ । प्रारम्भमा ५,६०००० करोड भारु अर्थात ११२ अर्ब डलरबाट रकम बढाइएको छ । योजना पूरा गर्दा १२५०० किमि नहरले भारतका ५९८ जिल्लामध्ये १५० जिल्ला र ५ महानगर दिल्ली-बम्बै-कलकत्ता-मद्रास-हैदरावादमा खानेपानी व्यवस्था गर्न १७३ अरब घनमिटर पानी जम्मा हुनेछ । मरुभूमिकरण भइरहेका पंजाव, हरियाणा गुजरात, राजस्थानलगायतका २०७ जिल्ला (जमिनमुनि ६ मिटर हराएको) को पानी जमिनमाथि ल्याइनेछ । सुखाको चपेटामा परेका ९१ जिल्लामा राहत पुर्‍याउन यो योजना कामयावी हुनेछ । ८३ जिल्लाको बाढीपीडित ४ करोड हेक्टर जमिन खेतीयोग्य जमिनमा बदलिनेछ र सिंचित गरिनेछ । १०१ जिल्लाको ३ करोड ४० लाख हेक्टर जमिनमा सिंचाइ पुर्‍याउनेछ । ३७ वटा नदी ३० च्यानलमा जोड्दा ३४००० मेघावाट बिजुली निकालिनेछ । उक्त च्यानलबाट लिंक जोडी ७११ अर्ब घनमिटर पानी घर तथा उद्योगमा उपयोग गरिनेछ । सन् २०५० सम्ममा भारतको जनसंख्या १ अरब ६५ करोड हुनेछ । त्यसका लागि ४५ करोड मेट्रिक टन अन्न आवश्यक पर्नेछ । यो योजना तयार भएपछि प्रतिवर्ष ३ करोड ७० लाख नयाँ व्यक्तिले रोजगारी पाउनेछन् । र राष्ट्रिय आयको जीडीपीमा ४ प्रतिशत वृद्धि हुनेछ । तर भारतको यो योजना पूरा गर्नका लागि गंगा नदीको सबैभन्दा महत्वपूर्ण योगदान रहनेछ । यो नदीको पानीमा ७५ प्रतिशतभन्दा बढी पानी नेपाली नदीहरुबाट जान्छ । भारतमा प्रतिवर्ष ४ हजार अर्ब घनमिटर पानी वर्ष भए पनि ११ सय अर्ब मात्र उपयोग बन्न सक्छ । हाल ६३४ अर्ब घनमिटर उपयोग गरेकोमा २०५० सम्म १५०० जति चाहिन्छ । बाँकी पाानी भौगोलिक प्रतिकूलताको कारण उपयोग गर्न सकिँदैन । तर नेपालमा पर्ने २२५ अर्ब घमिटर पानी भने सतप्रतिशत उपयोग गर्न सकिन्छ ।

यसरी नेपालको नदीनालाको सबै पानी दक्षिणतर्फ लागेपछि भारत ८० प्रतिशतभन्दा बढी उत्तरी भेगमा सिंचित भइरहेको अधिकांश जमिन पानीको कमीले प्रभावित हुनेछ । हालसम्म भारतमा कुल ७ करोड मेट्रिक टन अन्न उत्पादन गर्न झन्डै १७/१८ करोड हेक्टर जमिन सिंचाइ गर्नुपर्ने हुन्छ । नदी जडान योजना पूरा भएमा ७.५ करोड हेक्टर थप जमिन सिंचाइ गर्न सकिन्छ । नेपालमा बन्ने महाकाली लगायत हाई ड्याम प्रणालीबाट वर्षाको पानी जलाशयमा परिणत गरी भारतलाई आवश्यक विद्युत आपूर्ति गरी सिंचाइ तथा खेतीपातीमा पानी प्रयोग गर्ने योजना देखिन्छ । २०१० सम्ममा भारतलाई १,१८,२०० मेघावाट बिजुली आवश्यक छ । भारतसँग ७५००० मेघावाट क्षमता भए पनि पानी उपयोगको प्रतिकूलताले करिब ४० हजार मेघावाट मात्र उत्पादन गरेको छ । बिजुलीको अन्य विकल्प हुन सक्छ तर पानीको कुनै विकल्प छैन । दुवै कामको लागि भारत नेपालमा निर्भर छ ।

## यता एमालेको...

हत्याराहरुलाई कानुनका दायरामा ल्याउनुपर्नेमा उनीहरुसँग उठबस गरेर दण्डहीनतालाई कांग्रेसले प्रश्रय दिएकोमा अधिकारकर्मीहरुले समेत निको मानेका छैनन् ।

शेरबहादुर देउवाका तुलनामा सुशील कोइराला निकै इमानदार, सादा र सहज नेता मानिन्थे । उनको नेतृत्वकालमा कांग्रेसले दोस्रो संविधानसभा चुनावमा आशातीत सफलता प्राप्त गर्‍यो । देउवाको विगत छवि खराब हुँदाहुँदै पनि कांग्रेसीहरुले उनैलाई सभापति निर्वाचित गराएर जुन भूल गरे, त्यसको परिणाम स्थानीय निर्वाचनमा देखिएको छ । सांसद खरिद गर्ने, प्राडो पजेरो स्वीकृति भित्र्याउने, पार्टी फुटाउने मात्र नभई प्रजातन्त्रलाई नै दरबारमा बुझाउने देउवाको नेतृत्वकाल कांग्रेसका लागि अझ घातक बन्दै जाने विश्लेषण गरिँदैछ । देउवाको सुझबुझ र नेतृत्व बीबीसीको साझा सवालमा छताछुल्ल भइसकेको छ । सामाजिक सञ्जालका वालहरु हेरेमात्र कांग्रेसको अबको भविष्यबारे लख काट्न काफी हुन्छ । कांग्रेसको जुन विरासत र साना रहिआएको थियो, त्यो क्रमशः क्षयीकरण हुँदै जानुले उसको अवस्था ढिलो छिटो भारतीय कांग्रेस आईकै जस्तो हुन सक्ने सम्भावना बढ्दो छ । भाजपाले जसरी नेहरुको विरासत भत्कायो एमालेले त्यसरी नै कोइराला परिवारको विरासत भत्काउन सुरु गरिसकेको छ । राजदूतहरुको नियुक्तिमा शेरबहादुर देउवाले गरेको आर्थिक चलखेल, तत्कालीन प्रधानन्यायाधीश सुशीला कार्कीविरुद्धको अविश्वास प्रस्ताव र उम्मेदवारहरुको चयनमा देउवाको मनोपोली पनि कांग्रेस पराजयका प्राविधिक कारणहरु हुन् ।

एमालेसँग सामाजिक सुरक्षा भत्ताबाहेक जनतासँग मत माग्ने अरु खासै आधार थिएन । चारपटक एमालेले देशको नेतृत्व गरिसकेको छ तर उसले राष्ट्र र जनताका पक्षमा कुनै उल्लेख्य काम गरेको छैन । अरुण तेस्रो परियोजना भगाएर देशलाई अन्धकारमा धकेल्ने एमाले नै हो । पहिलो संविधानसभा चुनावमा जनताले एमालेको विकल्पका रुपमा माओवादी राजेको थिए तर माओवादी पार्टी न त आफैं सग्लो रहन सक्यो न त जनताको पक्षमा काम गर्ने कुनै जाँगर नै देखायो । जनयुद्ध धनयुद्धमा परिणत भयो सर्वहारा नेताहरु भीमकाय महल र महँगा गाडीका मालिक भए । जनसेनाहरुको अपमान गरियो । आफैं सरकारमा रहँदासमेत माओवादीले बेपत्ताहरुको खोजबिन गरेन । न त घाइते लडाकु र तिनका परिवारलाई नै हेर्‍यो । राष्ट्रियताको दुन्दुभी बजाउने माओवादी नेताहरु दिल्ली दरबार धाउन थाले । उनीहरुको अर्जुनदृष्टि सत्ताबाहेक अन्त रहेन । यति हुँदाहुँदै पनि माओवादीले चुनावी परीक्षामा तेस्रो स्थान प्राप्त गर्नु अशोचनीय सफलता हो ।

तराई विखण्डनविरुद्ध एमालेले जुन अडान राख्यो र जसरी प्रस्तुत भयो, त्यसलाई 'महेन्द्रीय सामन्ती राष्ट्रवाद' का रुपमा कतिपयले अपव्याख्या समेत गरे । भारतसँगको परनिर्भरता तोड्न एमालेले चीनसँग हात बढाएकोमा भारत र ऊ परस्त नेपाली राजनीतिक दलहरु क्रुद्ध हुनु स्वभाविक थियो । सम्पूर्ण शक्तिलाई गोलबन्द गरी भारतले चुनावमा एमालेविरुद्ध उतार्दा पनि जनताले एमाले नै रोजे । एमालेले जनमत पाउनमा तत्काल देशका पक्षमा उसले लिएको अडानले काम गरेको हो । भारत तराईमा दुई प्रदेश, हिन्दी भाषालाई नेपालको राष्ट्रभाषा, नागरिकताको प्रावधान अझ सरल र अंगीकृत नागरिकलाई विशिष्ट संवैधानिक पद चाहिरहेको छ । भारतीय चाहना मुताविक ससदमा संविधान संशोधन विधेयक दर्ता गरिएको छ । एमाले यो विधेयकको खिलाफमा छ । तराईलाई पहाडी भूभागबाट अलग गर्दै एक मधेस राज्यको आधार खोजिरहेको छ भारत । तराई भूभागलाई वैधानिक रुपले आफ्नो मानचित्रमा गाभ्ने रणनीतिमा छ । कांग्रेस माओवादी केन्द्र भारतीय रणनीतिका साक्षी बनिरहेका छन् । एमालेको जित नेपाली राष्ट्रवादको जित र भारतलाई झट्काका रुपमा लिन सकिन्छ । प्रदेश र संघीय संसदको चुनावमा एमालेलाई हराउन भारतले कांग्रेस, माओवादी केन्द्र र राजपाबीच चुनावी तालमेल गराउनेमा कुनै शंका छैन ।

## देश झनै...

तथा तिनका उत्पादन आयात भएका छन् । १ खर्ब१२ अर्ब रुपैयाँ बराबरको पेट्रोलियम पदार्थ आयात भएको छ । त्यस्तै २८ अर्ब २६ करोड ५ लाख ६ हजार रुपैयाँ बराबरको सवारी साधन तथा तिनका पाटपुर्जा आयात भएको छ । ३५ अर्ब ४० करोड ५५ लाख ५५ हजार रुपैयाँ बराबरका इलेक्ट्रोनिक्स तथा इलेक्ट्रिकल सामान आयात भएको छ । २२ अर्ब २० करोड २४ लाख २७ हजार रुपैयाँ बराबरको सुन आयात भएको तथ्यांकले देखाएको छ ।

## साझा...

कुर्सीमा पुगेर सबैभन्दा अनुभवी प्रधानमन्त्री दरिएका देउवालाई प्रश्नकर्ताले राम्रैसँग खुइलयाएका थिए ।

पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको महाअभियोगसम्बन्धी विषयको प्रश्नमा देउवाले मुख खोल्न चाहेनन् । कार्यक्रमकी प्रस्तोता विद्या चापागाईंले पनि देउवाको मुख खोलाउने गतिलै प्रयास गरे पनि देउवाले यहाँ भन्न मिल्दैन, जबर्जस्ती हुन्छ भन्दै पन्सिएका थिए । अहिले देउवाको सवाल-जवाफ भाइरल बनेको छ । उनले यस कार्यक्रममा देखाएको बहादुरीको दिल्ली उडाउँदै गीतसमेत बनेर यु ट्युबमा बज्न थालिसकेको छ । फेसबुक ट्वीटरलगायत सामाजिक सञ्जालहरुमा देउवाको सवाल-जवाफले निकै ठूलो आलोचना व्यहोरेको छ ।

## रोटरी...

वडाध्यक्ष दलबहादुर कार्की, मेगा बैंकका अध्यक्ष भोजबहादुर शाह, नेपाल बैंकका अध्यक्ष दीपजंग शाहलगायतले कार्यक्रमलाई सम्बोधन गरेका थिए । उपमेयर खड्गीले महानगरलाई सफाइ राख्ने आफ्नो मुख्य उद्देश्य रहेको बताउँदै यसलाई नियमित र प्रभावशाली ढंगले अघि बढाउने कुरा व्यक्त गर्नुभएको थियो । रोटरी क्लबका अध्यक्ष रामकुमार खत्रीले सबैलाई धन्यवाद प्रकट गर्नुभएको थियो । सो कार्यक्रममा रोटरी क्लबका सबै सदस्यलगायत स्थानीयबासी, समाजसेवी र सुरक्षा निकायसमेतको बाक्लो उपस्थितिले मन्दिर र मन्दिर परिसर वरिपरि सरसफाइ गरेको थियो ।

## बाढीको...

त्यस भेगका ४० परिवारलाई असर पुर्‍याएको छ ।

सप्तरीको मलेठमा पनि ६ परिवारको घरमा बाढीले क्षति पुर्‍याएको छ । जिल्ला विपद व्यवस्थापनले सप्तरीमा शनिबारको बाढीले १६ परिवार विस्थापित भएको जानकारी गराएको छ । सप्तरीमा बाढीका कारण बस्तीहरु डुबेपछि मानिस बिचल्लीमा परेका छन् । ५०० भन्दा बढी परिवार डुबानमा परेका छन् । अत्यधिक वर्षाका कारण भेडिया तथा सकरपुराका ८० घर डुबानमा परेका छन् । मंगलबार दिउँसो सुरु भएको बाढी र वर्षाको पानी सकरपुरा, तिलाठी र भेडियाको तल्लो बस्तीमा पसेको थियो । यसअघि नै तिलाठीमा पनि बाढी र डुबानले ठूलो क्षति पुर्‍याइसकेको छ । बाढी नियन्त्रणको लागि सेना, प्रहरी र सशस्त्र प्रहरी परिचालन गरी भत्किएका बाँध बनाउन तारजाली लगाउने भएको सप्तरीका प्रजिअ कृष्णबहादुर कटुवालले जानकारी गराएका छन् ।

यसैबीच गृहमन्त्री जनार्दन शर्माले विपद व्यवस्थापन विधेयक छिट्टै सदनमा पेश गर्ने आश्वासन दिएका छन् । उनले बाढी, पहिरो जस्ता विपत्तिको जोखिम न्यूनीकरण योजना निर्माण गर्ने तयारी भएको जानकारी दिए ।

उता बुधबारबाट परिरहेको ठूलो वर्षाका कारण मुलुकका विभिन्न नदीहरुमा पानीको सतह बढेर बाढी आउने खतरा बढेको छ । महाकाली, कर्णाली, बबई, झापाको कन्काई लगायतका नदीहरुमा जल सतह बढिरहेको छ । जल तथा मौसम विज्ञान विभागले बाढीको खतरा भएका नदीहरुको अनुगमन गरिरहेको छ ।